# जिन्दगीका डोबहरू

(भजन-कवितासङ्ग्रह)

लीलादेवी श्रेष्ठ

शब्दयात्रा प्रकाशन

प्रकाशक

**शब्दयात्रा प्रकाशन**

अक्षरधाम, बनेपा – ६, काभ्रे

(प्रकाशनपुष्प : १७६)

मूल्य : १७०।-

संस्करण : पहिलो

सर्वाधिकार : कृतिकारमा

प्रकाशनप्रति : ५०० मात्र

प्रकाशनकाल : वैशाख २०७९

अक्षराङ्कन : सङ्गीता केसी, बनेपा

साजसज्जा : गीता अधिकारी, बनेपा

आवरणसज्जा : इ. रोशन मञ्जुश्री अधिकारी

मुद्रक : सर्वश्री क्वालिटी प्रिन्टर्स, बनेपा, काभ्रे

ISBN: 987-9937-653-43-5

बुझिसकेँ मैले
सबै दुई हातभरिका रहेछन्
यिनै दुई हात बलिया रहून्
जबसम्म बाँचिन्छ
कसैका सामु हात नफैलियोस्
कसैको दयामा आत्मा नओइलियोस् ।

# शुभकामना

कविता आनन्दानुभूतिको उत्तम साधन हो । कविहरू मनका उत्तम भावनाहरूलाई मार्मिक र मधुर शैलीमा कविता लेखेर त्यो अनुभूति लिन्छन् भने कसैले कविता पढेर र कसैले सुनेर त्यो आनन्द ग्रहण गर्दछन् ।

कवयित्री तथा गीतकार लीलादेवी श्रेष्ठको 'जिन्दगीका डोबहरू' (भजन-कवितासङ्ग्रह) प्रकाशित हुने तयारीमा रहेको अवस्थामा श्री हरि मञ्जुश्रीमार्फत मलाई प्राप्त हुन आएको र शुभकामनाका केही शब्द व्यक्त गरिदिन अनुरोध गरिएको हुँदा प्रस्तावित कविताहरू आद्योपान्त अध्ययन र मनन गरेँ ।

सङ्ग्रहमा भजन, गीत, कविता र बालकविता गरी चार किसिमका कविताहरू सङ्गृहीत छन् । भजनहरू एक सच्चा भक्तले भगवान्का लीला-कथालाई गहिरो अध्ययन-मनन गरी आफू ज्ञानले सन्तृप्त भएर त्यसका आधारमा कवयित्रीका कलमबाट निःसृत भएकाले भावपूर्ण र हार्दिकताले भरिएका छन् भन्ने मलाई लागेको छ । भजनहरू पढ्दा कताकति मीराबाईका भजनहरूको याद आएको पनि मैले महसुस गरेँ । कविताहरू जीवनका तीता-मीठा भोगाइहरू सरल र कलात्मक शव्दसंयोजनपूर्ण शैलीमा रचिएका छन् । गीतहरूमा भावको प्रयोग कसिलो छ । भाषा सरल छ । भाव र अनुभूतिहरूलाई कलात्मक र गेयात्मक ढङ्गले प्रस्तुत गरिएको पाइन्छ । बालकविताहरूको सङ्ख्या सबैभन्दा थोरै छ र ती कविताहरू प्रेरणास्पद, मनोरञ्जनपूर्ण र उच्च कोटीका छन् ।

अन्त्यमा, साहित्य सृजनामा यति पोख्त भइसकेको उहाँको कलम आगामी दिनहरूमा पनि अनवरत चलि नै रहनेछ र नयाँ-नयाँ सफलताहरू प्राप्त भइरहनेछन् भन्ने विश्वासका साथ सफलताका लागि शुभकामना व्यक्त गर्दछु ।

**– हरि कोर्काली**

# शुभकामना

मेरी जीवनसँगिनी लीलादेवी श्रेष्ठका पुराना कविता, भजन एवं नाटकलाई वि. सं. २०७९ को जेठ महिनामा प्रकाशित गर्ने शुभसाइत शब्दयात्रा प्रकाशनका संस्थापक अध्यक्ष एवं प्रतिभाशाली व्यक्तित्वका धनी श्री हरि मञ्जुश्रीले जुराइदिनुभएकोमा उहाँलाई धन्यवाद ज्ञापन गर्दछु । यसबाट मैले ज्यादै खुसीको अनुभूति गर्न पाएको छु । मेरी जीवनसँगिनीका कुनै-कुनै गीत वा कविताले समयमै स्थान पाए तापनि बाँकी सिर्जनाहरूले बल्ल पुस्तकको आकार पाएका छन् । गृहस्थी जीवन सफलतापूर्वक निर्वाह गर्दै धार्मिक अनि सामाजिक क्रियाकलापमा पनि आफूलाई सक्रिय राखेर उनले यी रचनाहरूको सिर्जना गरेकी हुन् ।

सुख र दुःख जीवनका मित्र हुन् सबैका लागि । तर सुख क्षणिक हुन्छ भने दुःख सधैँ-सधैँ लिसो टाँसिएझैँ टाँसिएको हुन्छ । यस्तै भयो हाम्रो जीवनयात्रामा पनि ।

वि. सं. २०४२ को असोज महिनामा अचानक मेरो नाकबाट लगातार १९ दिनसम्म रक्तस्राव भइरहँदा लाग्यो मलाई मेरो जीवनको अन्तिम क्षण आइपुगेको छ । त्यसपछि वि. सं. २०५३ को मार्ग महिनामा अचानक दुवै मृगौला ड्यामेज हुँदाको अकल्पनीय पीडाबोध र त्रास अनि वि. सं. २०६७ जेठ महिनामा पेटको ठूलो आन्द्रामा भएको डरलाग्दो रोग क्यान्सरले आक्रान्त हुँदाको कहालीलाग्दो परिस्थिति र समस्याहरूको सामना गर्नुपर्‍यो । मेरी धर्मपत्नीले यस्ता विषम अवस्थाहरूमा पनि आफ्नो कर्तव्य पूरा गर्ने धैर्य, साहस र जस्तोसुकै परिस्थितिमा पनि विचलित नभई अडिग रहन सक्ने बलिया हतियारहरूलाई आधार बनाई मलाई बचाइराख्नमा उत्कृष्ट भूमिका निर्वाह गरेकी छन् । मेरो स्वास्थ्यमा देखिएका यी तीनवटै प्राणघातक रोगहरूबाट बचाउन तन, मन, धन एवं सर्वस्व गुमाउन तयार भई मानसिक एवं शारीरिक कष्ट पनि

भोग्न पछि नपरेर मलाई उनले एउटा मृगौला दान दिई आजसम्म बचाउन सकेकी छन् । त्यसैले यो महान् त्याग र कर्तव्यपरायणताका गुणहरूको व्याख्या गर्ने मसँग शब्दहरू नै छैनन् ।

मेरी श्रीमतीको त्याग, प्रेम, समर्पण र सहनशीलताको अनि मप्रतिका व्यावहारिक गुणहरूको ऋण मैले जन्मजन्ममा पनि चुक्ता गर्न सक्तिनँ । त्यसैले एक अद्भुत क्षमतावान् मेरी जीवनसँगिनीको प्रशंसा एवं कदर गर्दै एउटा गीत मैले आफ्नै शब्द, सङ्गीत र स्वरमा तयार गरेर सप्रेम उनलाई समर्पण गरेको छु । यी तीन भयानक रोगहरूलाई मेरो जीवनमा आएको आँधी, हुरी अनि बताससँग तुलना गरी तयार पारेको हुँ, जुन गीत 'यु-ट्युब' मा केदारनाथ श्रेष्ठ सर्च गरी सुन्न सकिन्छ ।

**गीतको बोल –**

आँधी, हुरी, बतासले विचलित बनाउन खोज्दा
धेरै पीडा भोग्यौ तिमीले मलाई बचाउन खोज्दा

हिँड्दाहिँड्दै बीचैमा लरखराउँदै ढलेँ म
हात समाती तिमीले उठायौ अनि उठेँ म
कसरी त्यो क्षण आयो, कता अल्झोमा परेँ म
सहारा मेरो तिमी नै, तिमीले गर्दा बाँचेँ म

आपदविपदले घेर्दा साहस बटुली तिमीले
रोक्ने प्रयास गर्दा झन् कष्ट पायौ तिमीले
मृत्युसित खेलेर मलाई बचायौ तिमीले
मैले त हारेकै हुँ, बाजी जित्यौ तिमीले

अन्त्यमा, आउँदा दिनमा पनि नयाँ-नयाँ सिर्जना गर्ने शक्तिको तिमीमा प्रादुर्भाव हुन सकोस् । सधैँ स्वस्थ रही सामाजिक तथा धार्मिक कार्यहरूमा अग्रणी भूमिका निर्वाह गर्दै दीर्घ जीवनसहित जीवनयात्रा सुखपूर्वक रमोस् भनी भगवान्सँग प्रार्थना गर्दछु । यही मेरो हार्दिक शुभकामना छ तिमीलाई । धेरै-धेरै प्रेमसहित –

**– केदारनाथ श्रेष्ठ**

# मेरो भनाइ

मेरो जन्मथलो सङ्खुवासभा जिल्लाको सुन्दर चैनपुर बजारको श्रेष्ठ (मुमिकस) परिवारमा भएको हो । बालककाल यही रमणीय ठाउँमा, जहाँबाट बिहान सधैँ घामको पहिलो झुल्काले चुम्बन गरिरहेको जस्तो मनमोहक दृश्य देखिन्छ, मकालु हिमालको चिसो हावासँग कावा खाँदै बिताएँ । यहीँको हावापानी तथा अन्नपातबाट शरीरले ऊर्जा प्राप्त गरी रमाइलो समयसँगै दिनचर्यामा पनि रमाएकी हुँ ।

चैनपुर बजारको सरस्वती हाइस्कुलमा अध्ययन गर्दा स्कुलमा गरिने अतिरिक्त क्रियाकलापअन्तर्गत कविता तथा कथा वाचनमा सहभागी हुँदै स्कुलबाट बेलाबखत प्रदर्शन गरिएका नाटकहरूमा पनि सानोतिनो कलाकारका रूपमा प्रस्तुति दिँदा खुसीको अनुभूति गरेकी थिएँ ।

साहित्य मेरो रुचिको विषय हुँदा कथा, कविता, निबन्ध वा नाटकका पुस्तकहरू पढ्दथेँ । आफ्नो वा अरूको भावनालाई व्यक्त गर्ने माध्यम पनि यिनै हुन् भन्ने मलाई लाग्दछ । त्यसैले कहिले खुसीमा, कहिले दुःखमा, कहिले सम्झनामा साथै कहिले अभावमा लेखिएका हरफहरू कुनै कविता बने, कुनै गीत, कुनै मुक्तक त कुनै भजनहरू र गाईजात्रामा गाइने रामायणहरू बने ।

भारतको आन्ध्रप्रदेशअन्तर्गत पुट्टपर्तीको सत्य साइबाबाप्रतिको विश्वास र आस्थाका कारण करिब २६ वर्षदेखि प्रत्येक महिनाको पूर्णिमामा मेरो निवासमा भजन गर्ने गर्दछु । उनै सत्य साइबाबालाई केन्द्रविन्दुमा राखेर साइ भजनहरू लेखेँ । 'साइ लीला अमृत' भाग १ र २ का गीतिक्यासेटहरू मेरा शब्द र सङ्गीतमा सजाइएका छन् । ती क्यासेट सार्वजनिक भई बजारमा आएको बीसौँ वर्ष भइसकेको छ । दुवै क्यासेटका निर्माता मेरा श्रीमान् केदारनाथ श्रेष्ठ हुनुहुन्छ । ती

क्यासेट निकाल्न प्रेरणा दिनुहुने सत्य साई सङ्गठन नेपालका सक्रिय व्यक्तित्व साइराम दाइ शन्तनुप्रताप राणा विशेष धन्यवादका पात्र हुनुहुन्छ ।

ती क्यासेट निर्माण हुनुभन्दा पहिल्यै मेरो शब्दको 'शिवभजन' शकुन्तला प्रधानले आफ्नै सङ्गीत र स्वरमा रेडियो नेपालमा रेकर्ड गराई नेपाल टेलिभिजनबाट प्रसारण गराउनुभएको थियो । बुलु मुकारुङको सङ्गीतमा रविन शर्माले 'दुर्गाभजन' मा आफ्नो स्वर दिनुभएको छ । अनि बुलु मुकारुङकै सङ्गीतमा 'बालगीत' बुलु मुकारुङ र सुन्दर श्रेष्ठको आवाजमा सजिएको छ ।

यी गीतहरू बेलाबखत रेडियो नेपालबाट सुन्न पाइन्छ । यी तीनवटै गीतहरू रेडियो नेपालमा रेकर्ड भएका हुन् । मेरो रचनाका आधुनिक गीतहरू मेलिना राईको स्वरमा 'आवाज' नामक गीतिक्यासेट र मुगा श्रेष्ठको स्वरमा 'मुगा' नामक गीतिक्यासेटमा पनि समावेश भएका छन् ।

यसै गरी रहरैरहरमा आफूलाई व्यस्त राख्ने कोसिस गरेकी छु । मैले कसैसित गीत-सङ्गीत विधाको ज्ञान पाउने मौका पाइनँ । तर गीत-सङ्गीतप्रतिको आकर्षणले गर्दा यतिसम्म गर्न सकेकी छु ।

मेरो १८ वर्षको उमेरमा नै प्रेमविवाह भएको हो । त्यसपछि सांसारिक जीवनको बाटोमा अलमलिनैपर्‍यो । अतः आफूभित्रको रहर, खुसी, कुण्ठा, असन्तोष र पीडालाई यिनै मेरा शब्दहरूभित्र हराउँदै सन्तोष लिने प्रयत्न गरेँ ।

यी मेरा सिर्जनाहरू धेरै पहिले लेखिएर थन्किएको अवस्थामा थिए । ढिलै भए पनि प्रकाशन गर्नका लागि मलाई घचघच्याइरहने मेरा श्रीमान् केदारनाथ श्रेष्ठ, दाइ द्रोणप्रसाद श्रेष्ठ, ज्वाइँ राजेन्द्र प्रधान (त्रिवेणी छापाखाना) का साथै ज्वाइँ बाबुराम केसीलाई हृदयदेखि नै धन्यवाद दिन चाहन्छु ।

पाठकहरूमा पनि सादर अनुरोध छ कि यस पुस्तकमा समावेश भएका गीत, कविता, भजन, मुक्तक र मृतात्माको सम्झनामा

बनाइएका रामायणहरू जेजस्तो रूपमा तयार भए, पढिसकेपछि यहाँहरूबाट प्राप्त सुझावहरूलाई हृदयङ्गम गर्दै फेरि केही लेख्नका लागि प्रेरणा दिनुभएमा आभारी हुनेछु ।

यस पुस्तकको प्रकाशनका लागि शब्दयात्रा प्रकाशनका संस्थापक अध्यक्ष हरि मञ्जुश्री, शुभकामना मन्तव्यका लागि कवि हरिकृष्ण खतिवडा अनि सम्बन्धित सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**– लीलादेवी श्रेष्ठ**

# प्रकाशकीय

लीलादेवी श्रेष्ठ । सङ्खुवासभा र भोजपुर दुवै जिल्लाले गौरव गर्ने व्यक्तित्व । कविता, गीत, भजन, नाटक, कथा जस्ता धेरै विधामा कलम चलाउन सक्षम । भक्तिसङ्गीतमा पनि दक्ष । तर आफ्नो व्यावहारिकताका कारणले गुम्सिएर बस्नुपरेको । क्षमता र प्रतिभा प्रस्फुटित भएर पनि प्रकाशित र प्रसारित हुन नपाउँदा ओझेलमा पर्नुपरेको ।

सामाजिक र धार्मिक वृत्तमा समर्पित सेविका तथा पारिवारिक वृत्तमा कुशल गृहिणी लीलादेवी श्रेष्ठको साहित्यिक प्रतिभा दोस्रोपटक औपचारिक रूपमा कविता विधाको पुस्तकबाट प्रकट भएको छ । यसलाई प्रकट गर्ने श्रेय पनि सौभाग्यवश शब्दयात्रा प्रकाशनले नै पाएको छ । शब्दयात्रा प्रकाशनबाट हरेक वर्ष पुरस्कार र विद्वत्वृत्ति समर्पण गर्नका लागि उहाँले र उहाँका श्रीमान् प्रा. केदारनाथ श्रेष्ठले अक्षयकोषको व्यवस्था गरिदिनुभएको छ । संस्थाले जसको स्नेह पाएको छ, उसैको प्रतिभालाई उजिल्याएर बाहिर ल्याउने माध्यम त्यही संस्थाले बन्न पाउनु धेरै खुसीको कुरो हो ।

कवयित्री लीलादेवी श्रेष्ठको 'जिन्दगीका डोबहरू' नामक प्रस्तुत भजन-कवितासङ्ग्रहमा भजन र कविता गरी दुई खण्ड छन् । पहिलो खण्डमा ३६ वटा भजन र दोस्रो खण्डमा ५६ वटा कविता रहेका छन् । यसरी यो पुस्तक जम्मा ९२ वटा रचनाको सङ्ग्रह बनेको छ ।

यस कृतिको प्रकाशनका लागि अक्षराङ्कन, शुद्धीकरण, साजसज्जा, आवरणसज्जा र मुद्रण कार्यका लागि आवश्यक सहयोग गर्ने सबैप्रति शब्दयात्रा प्रकाशन हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

**– हरि मञ्जुश्री**
अध्यक्ष : शब्दयात्रा प्रकाशन

# भजन र कविताको क्रम

## भजन खण्ड


| | | |
|---|---|---|
| १. | शिवभजन | १७ |
| २. | शक्तिभजन | १८ |
| ३. | प्रार्थना | १९ |
| ४. | गणेशभजन | २० |
| ५. | साई नाम भजोस् | २१ |
| ६. | गुरुभजन | २२ |
| ७. | गिरिधर नागर | २३ |
| ८. | हे प्रेममूर्ति | २४ |
| ९. | सोहम् सोहम् गुन्जिरहोस् | २५ |
| १०. | हरपल बोल राम राम | २६ |
| ११. | गजमुख सुन्दर गौरीनन्दन | २७ |
| १२. | राम भजूँ या श्याम भजूँ | २८ |
| १३. | गुरुदेव हे गुरुदेव | २९ |
| १४. | आएँ आएँ आएँ साई आमा | ३० |
| १५. | स्वागतम् स्वागतम् स्वागतम् | ३१ |
| १६. | मेरो प्रार्थनामा केवल तिमी छौ | ३२ |
| १७. | यस युगको पथप्रदर्शक भई | ३३ |
| १८. | जहाँ छौ साई अन्तर्यामी | ३४ |
| १९. | सधैँ-सधैँ आऊ साई ! | ३५ |
| २०. | राम राम राम सीता राम राम राम | ३६ |
| २१. | मखनचोरले मलाई भुलायो | ३७ |

२२. साई राम तिमी, घनश्याम तिमी ३८
२३. आनन्दित भयो मन ३९
२४. साई मेरो आत्मा ४०
२५. ॐ साई ॐ सञ्जय साई ४१
२६. जगत्स्वामी अन्तर्यामी ४३
२७. मेरो राम यो मन्दिरमा ४४
२८. आस्था हो ईश्वर ४५
२९. पलपल व्याकुल छु प्रभुदर्शन पाउन ४६
३०. हे आत्मा राम, परमात्मा राम ४७
३१. मेरो साई राम तिमीलाई ४८
३२. देवाधिदेव हे महादेव ४९
३३. हे परमात्मा ! हे परमेश्वर ! ५०
३४. मलाई तिम्रो शरणमा ५१
३५. भुल्नु अति छ उत्तम ५२
३६. हे मनमोहन ! हे गिरिधारी ! ५३

## कविता खण्ड

३७. जन्मदिन ५५
३८. मेरी आमा ५६
३९. देशप्रेम ५७
४०. पढ भाइ, पढ बहिनी ५८
४१. आऊ मेरा प्यारा ५९
४२. तिम्रा निमित्त मैले के-के सहेर बाँचेँ ६०
४३. मेरो ललाटको ए सौभाग्य सितारा ६१

४४. ए जून किन उदायौ खुसीको सौगात लिएर ६२
४५. घरमाथिको डाँडा पनि ६३
४६. यो मन जति रोए पनि ६४
४७. किन होला मानिसको मन ६५
४८. तिमीलाई पर्खी बस्ता ६६
४९. किन ज्यून लाचार छु म ६७
५०. जिन्दगीदेखि हारेर पनि ६८
५१. सपना भए यो जीवन ६९
५२. यो जीवन आफैँलाई भार भइरहेछ ७०
५३. यो दिल दुखाई तिमीले ७१
५४. वियोगको सानो क्षण पनि ७२
५५. पीरैपीरले बनेको महल यो ७३
५६. हिजोआज मेरो मन ७४
५७. कस्तो अनौठो लाग्छ ७५
५८. नखोजेको कहाँ हो र ७६
५९. आजभोलि मेरो मनमा ७७
६०. मन यो मेरो मन ७८
६१. तिमीलाई मैले कहाँ-कहाँ खोजेँ ७९
६२. तिहार ८०
६३. सरर उड्यो मन ८१
६४. आँखाले भ्याएसम्म हेरेर बसेँ ८२
६५. मनभरि फुलिदिने ८३
६६. रात धेरै बितिसकेछ ८४
६७. टाढा-टाढा भागिहिँडेँ ८५
६८. अभिशाप हो वा वरदान ८६

| | | |
|---|---|---|
| ६९. | तिम्रो हेराइले मुटु छोएछ | ८७ |
| ७०. | तिमीले मलाई साह्रै सतायौ | ८८ |
| ७१. | तिम्रो प्रेममा म पागल भएछु | ८९ |
| ७२. | सपनीमा रोएछु यस्तरी | ९० |
| ७३. | तिमी मलाई जे भन | ९१ |
| ७४. | थाहै नपाई म ठूली भएछु | ९२ |
| ७५. | गाह्रो अति गाह्रो | ९३ |
| ७६. | जिन्दगी यो ढाकिरहेछ | ९४ |
| ७७. | दोहोरी गीत (क) | ९५ |
| ७८. | दोहोरी गीत (ख) | ९६ |
| ७९. | कहिलेकाहीँ म यसरी जल्छु | ९७ |
| ८०. | यो नाता हो कस्तो | ९८ |
| ८१. | पिउँछु म पिउँछु, अलिअलि पिउँछु | ९९ |
| ८२. | आज म कसरी अलमलिएछु | १०० |
| ८३. | तिम्रो नजरको सायद म धूलो | १०१ |
| ८४. | केही मुक्तकहरू | १०२ |
| ८५. | हे आमा ! | १०५ |
| ८६. | सदा शान्ति मिलिरहोस् | १०६ |
| ८७. | सम्झनाभरि आँसु बहाउँछौँ | १०७ |
| ८८. | मुमाको गुण कसरी गाऊँ | १०८ |
| ८९. | अस्ताइजान्छ यो जिन्दगानी | १०९ |
| ९०. | पानीको फोकासरिको जीवन | ११० |
| ९१. | कसरी प्रिय छाडेर गयौ मलाई | ११२ |
| ९२. | मुमाको जीवनगाथा | ११३ |

भजन खण्ड

# शिवभजन

हे जगदीश्वर ! हे शशिशेखर !
तिम्रो महिमा अपरम्पार
गर्छु पूजा जानी-नजानी
सुनिदेऊ मेरो पुकार ।

सदा म पाऊँ प्रभुको भक्ति
चञ्चल मन यो शान्त गराऊ
सुख-दु:खदेखि विचलित नबनूँ
ज्ञानको आँखा खुलाऊ ।

भज्न सकूँ सदा प्रभुको नाम
तिमीमा लीन गराऊ
यो भवसागर पार लगाऊ
मुक्तिको मार्ग देखाऊ ।

हे जगदीश्वर ! हे शशिशेखर .... ।

सङ्गीत तथा गायन – शकुन्तला प्रधान

ॐ

# शक्तिभजन

हे नवदुर्गे ! जय-जय भवानी !
जय जगज्जननी ! जय-जय कल्याणी !
शक्तिरूपिणी माता अम्बे !
तिमीकन बारम्बार गर्छु प्रणाम ।

सकिनँ कहिल्यै एकाग्र मनले
गर्न स्तुति र ध्यान
अज्ञानीमाथि करुणा राखी
देऊ मलाई ज्ञान ।

जानिनसक्नु तिम्रो लीला
छिनमै हर्ने, छिनमै भर्ने
पापीजनको नाश गराई
भक्तको रक्षा गर्ने ।

धोबीखोला, सेतोपुल, काठमाडौँ

सङ्गीत – बुलु मुकारुङ
गायक – रविन शर्मा

ॐ

# प्रार्थना

हे दीनबन्धु ! हे प्राणनाथ !
लेऊ शरणमा, म हुँ अनाथ ।

यो झूटो मायामा नभुलाऊ ईश्वर
भइसकेँ दिक्दार देखेर संसार
छोरीको जन्म के दियौ भगवान्
अर्काकी दासी रे, यो कस्तो रिवाज ?

काम, क्रोध, लोभ, मोह सब त्यागी
बनेर योगी बस्न छु राजी
मेरो हृदयबीच भक्ति जगाइदेऊ
नश्वर देह यो भस्म गराई
यो आत्मा तिमी नै लेऊ ।

किन हुन्छ दुःख ? किन हुन्छ सुख ?
किन जन्म हुन्छ र किन मर्नुपर्छ ?
यो सांसारिक चक्रमा नघुमाऊ ईश्वर
बाँचुन्जेल दया गरी देऊ एक सन्तोष ।

२०३१/३/३०
भोजपुर

ॐ

# गणेशभजन

पर्तिपुरीश्वर हे गणनायक !
मङ्गलमूर्ति सिद्धिविनायक
विभूति भूषित रूप मनोहर
जय जय जय होस् साई गणेश ।

माता पार्वती, पिता महेश
ऋद्धि-सिद्धि साथमा शोभित
ईश्वरहरूमा प्रथम पूजित
जय जय जय होस् साई गणेश ।

पर्तिपुरीश्वर हे गणनायक ......

ॐ

# साई नाम भजोस्

मन-प्राण मेरो साई नाम भजोस्
प्रभुचिन्तनमा सारा जीवन बितोस्
मन-प्राण मेरो साई नाम भजोस् ।

ममा शान्ति बढोस्, प्रेम-भक्ति बढोस्
साई नाम मेरो, महामन्त्र बनोस् ।

मन-प्राण मेरो साई नाम भजोस्
प्रभुचिन्तनमा सारा जीवन बितोस् ।

ॐ

# गुरुभजन

परब्रह्म साई, हे परमात्मा साई
माता, पिता, बन्धु, सद्‌गुरु साई ।

बन्न सकिनँ म शवरी र मीरा
न भक्त प्रह्लाद, न ध्रुवतारा
परन्तु यो मन प्रभुमै छ अर्पण
साई कृपालु देऊ नित्य दर्शन ।

परब्रह्म साई, हे परमात्मा साई
माता, पिता, बन्धु, सद्‌गुरु साई ।

ॐ

# गिरिधर नागर

तिमी हौ साई युग-अवतार
मीराका प्रभु गिरिधर नागर

जन्म-जन्मको पाप मेटाऊ
भवबन्धनदेखि पार लगाऊ
तिमी हौ भगवान् प्रेमको सागर
मीराका प्रभु गिरिधर नागर ।

तिमी हौ साई, युग-अवतार
मीराको प्रभु गिरिधर नागर ।

ॐ

# हे प्रेममूर्ति

हे प्रेममूर्ति श्री सत्य साई
तिमी साथ देऊ सधैँ मलाई ।

कुनै जन्मको दोष भएमा
मोहमा भूली बेहोस भएमा
बाबा मलाई सब माफ गर
मेरो कल्पषलाई अब साफ गर ।

हे प्रेममूर्ति श्री सत्य साई
तिमी साथ देऊ सधैँ मलाई ।

ॐ

# सोहम् सोहम् गुन्जिरहोस्

सुप्रभात मेरो ॐकारमय होस्
सोहम् सोहम् गुन्जिरहोस् ।

मनमन्दिरमा प्रभुलाई बसाली
प्रेमको आँसुले चरण पखाली
श्रद्धा-भक्तिको फूल चढाउँदै
मानव जुनी धन्य बनोस्
मेरो मानव जुनी धन्य बनोस् ।

सुप्रभात मेरो ॐकारमय होस्
सोहम् सोहम् गुन्जिरहोस् ।

ॐ

# हरपल बोल राम राम

हरपल बोल राम राम
हरपल बोल राम राम
राम राम बोल राम राम
राम राम बोल साईं राम ।

साईं वेद हो, साईं गीता
भव उद्धारक साईं नाम
साईं तीर्थ, साईं व्रत
साईं दर्शन चार धाम ।

हरपल बोल राम राम
हरपल बोल राम राम ।

ॐ

# गजमुख सुन्दर गौरीनन्दन

गजमुख सुन्दर गौरीनन्दन
मङ्गल चरणमा कोटि वन्दना ।

अन्तर्वासी हे अन्तर्यामी
शुभाशुभ कर्मफलको स्वामी
गौरीप्रिय हे शम्भोनन्दन
मङ्गल चरणमा कोटि वन्दना ।

गजमुख सुन्दर गौरीनन्दन
मङ्गल चरणमा कोटि वन्दना ।

ॐ

# राम भजूँ या श्याम भजूँ

राम भजूँ या श्याम भजूँ
आखिर एक तिमी
मन्दिर-मस्जिद धेरै धाएँ
आखिर मनमै रै'छौ तिमी
मनमन्दिरमै रै'छौ तिमी ।

अल्लाह, ईश्वर, यशु, साई
तिमी नै हौ महावीर
बुद्ध, जोराष्टर, नानक, साई
तिमी नै सन्त कविर
साई ! तिमी नै सन्त कविर ।

राम भजूँ या श्याम भजूँ
आखिर एक तिमी ।

ॐ

# गुरुदेव हे गुरुदेव

गुरुदेव हे गुरुदेव !
यो मनमन्दिरमा
सदा तिम्रो बास रहोस्
गुरुदेव हे गुरुदेव !

गुरु ब्रह्मा, गुरु विष्णु
गुरुदेव साई महेश
गुरु ज्ञानविना जीवन
बक्दैन सखे पावन
गुरुभक्तिमा लागोस् यो मन
प्रभु पुष्प बनोस् जीवन ।

गुरुदेव हे गुरुदेव !
यो मनमन्दिरमा
सदा तिम्रो बास रहोस् ।

ॐ

# आएँ आएँ आएँ साई आमा

आएँ आएँ आएँ साई आमा
आएँ तिम्रो शरणमा
श्रद्धाभावले नतमस्तक भई
शिर झुकाएँ आमा तिम्रो चरणमा
आएँ आएँ आएँ साई आमा
आएँ तिम्रो शरणमा ।

आफूले आफूलाई चिन्न सकिनँ
अनमोल जीवन त्यसै बिताएँ
अब जे-जति छ जीवन बाँकी
सबै सँगाली तिमीमा चढाएँ ।

आएँ आएँ आएँ साई आमा
आएँ तिम्रो शरणमा ।

ॐ

# स्वागतम् स्वागतम् स्वागतम्

स्वागतम् स्वागतम् स्वागतम्
बाबा स्वागतम् ।

तिमी आयौ बाबा यस धर्तीमा
दिव्य मानव रूप लिएर
स्वागत गर्छौं हृदयदेखि
श्रद्धा र भक्तिले विभोर भएर
स्वागतम् स्वागतम् स्वागतम्
बाबा स्वागतम् ।

मङ्गल होस् शुभ आगमन तिम्रो
मङ्गल होस् साई अवतार तिम्रो
जय होस् तिम्रो जय होस् बाबा
प्रेममय होस् संसार तिम्रो ।

स्वागतम् स्वागतम् स्वागतम्
बाबा स्वागतम् ।

ॐ

# मेरो प्रार्थनामा केवल तिमी छौ

मेरो प्रार्थनामा केवल तिमी छौ
मेरो आराधनामा तिमी नै तिमी छौ
हे साई राम ! प्रभु साई राम !
तिमीलाई मेरो कोटि प्रणाम
मेरो प्रार्थनामा केवल तिमी छौ ।

सब सृष्टि तिम्रै हो
के चढाऊँ भगवान् ?
यो तन, मन, वचन, कर्म
तिमीलाई अर्पण
म त साई हरदम छु
तिमीमै समर्पण ।

मेरो प्रार्थनामा केवल तिमी छौ
मेरो आराधनामा तिमी नै तिमी छौ
हे साई राम ! प्रभु साई राम !
तिमीलाई मेरो कोटि प्रणाम ।

ॐ

# यस युगको पथप्रदर्शक भई

यस युगको पथप्रदर्शक भई
साई बनी उदायौ
सत्य, धर्म, शान्ति र प्रेम
अहिंसाको सन्देश लिएर आयौ
तिमी साई बनी उदायौ ।

मानवसेवा, माधवसेवा
भन्ने तत्त्व बुझायौ
सर्वधर्मको सार एउटै
प्रेमको मार्ग बतायौ
तिमी साई बनी उदायौ ।

सबमा व्यापक साई तिमीले
ईश्वरलाई चिनायौ
भक्तका खातिर मानव रूपमा
साई बनेर आयौ
तिमी साई बनी उदायौ ।

ॐ

# जहाँ छौ साई अन्तर्यामी

जहाँ छौ साई अन्तर्यामी
तिमी मेरा प्राण हौ
जसले तिमीलाई जे भनुन्
मेरा लागि राम हौ
साई ! तिमी भगवान् हौ ।

जीवन यात्रा अति कठिन भो
बाबा ! मार्ग देखाऊ
आँखा भईकन अन्धोझैँ छु
साई ! हात समाऊ
बाबा ! हात समाऊ ।

जहाँ छौ साई अन्तर्यामी
तिमी मेरा प्राण हौ
जसले तिमीलाई जे भनुन्
मेरा लागि राम हौ
साई ! तिमी भगवान् हौ ।

ॐ

# सधैँ-सधैँ आऊ साई !

सधैँ-सधैँ आऊ साई !
मेरो घर आऊ
मेरो सानो घरलाई
मन्दिर बनाऊ
सधैँ-सधैँ आऊ साई
मेरो घर आऊ ।

तिमी हिँड्ने बाटोभरि
फूलैफूल बिछ्याइदिन्छु
श्रद्धा, भक्ति, प्रेमको
माला उनी लगाइदिन्छु
हृदयकमलासनमा
राज गराउँछु
मेरा गुण-दोष सबै
तिमीलाई चढाउँछु ।

सधैँ-सधैँ आऊ साई
मेरो घर आऊ
मेरो सानो घरलाई
मन्दिर बनाऊ ।

ॐ

# राम राम राम सीता राम राम राम

राम राम राम सीता राम राम राम
श्याम श्याम श्याम सुन्दर श्याम राधे श्याम
राम राम राम ... ... ...

अयोध्यावासी दशरथनन्दन
धनुषधारी राम
हृदयवासी गोकुलनन्दन
मुरलीमनोहर श्याम ।

राम राम राम सीता राम राम राम ।

पतीतपावन जानकी जीवन
मारुती सेवित राम
मीरा प्रभु गिरधारी मुरारी
राधामोहन श्याम ।

राम राम राम सीता राम राम राम
श्याम श्याम श्याम सुन्दर श्याम राधे श्याम ।

ॐ

# मखनचोरले मलाई भुलायो

मखनचोरले मलाई भुलायो
कहिले हँसायो, कहिले रुवायो
मखनचोरले मलाई भुलायो ।

यमुनाको तीरमा गाई चराउने
गोपिनीको पवित्र प्रेममा रमाउने
राधिकालाई जीवनसाथी बनाउने
कृष्णको मुरलीले मोहनी लगायो
कहिले हँसायो, कहिले रुवायो ।

मखनचोरले मलाई भुलायो
कहिले हँसायो, कहिले रुवायो ।

ॐ

# साई राम तिमी, घनश्याम तिमी

साई राम तिमी, घनश्याम तिमी
सबै धर्मको पूर्ण स्वरूप तिमी ।

जति माथि गयो, त्यति माथि तिमी
जति तल गयो, त्यति तल तिमी
जति बाहिर छौ, त्यति भित्र तिमी
जता हेरे पनि सबैतिर तिमी ।

साई राम तिमी, घनश्याम तिमी
सबै धर्मको पूर्ण स्वरूप तिमी ।

ॐ

# आनन्दित भयो मन

आनन्दित भयो मन, अति आनन्द
सुमधुर सङ्गीत साई भजनमा
आनन्दित भयो मन, अति आनन्द ।

ॐकार ध्वनितरङ्गले अङ्ग-अङ्ग
फूलको थुँगाझैँ हलुङ्गो भो मन ।

आनन्दित भयो मन, अति आनन्द
सुमधुर सङ्गीत साई भजनमा ।

ॐ

# साई मेरो आत्मा

साई मेरो आत्मा, साई परमात्मा
मेरो आदि अन्त सबै तिम्रो हातमा ।

यहाँ पाएँ मैले नाता अनेक
तर आफ्नो पाएँ तिमी मात्र एक
तिमी मेरो आशा, मेरो भरोसा
तिमी मेरो विश्वास, तिमी नै सहारा ।

साई मेरो आत्मा, साई परमात्मा
मेरो आदि-अन्त सबै तिम्रो हातमा ।

ॐ

# ॐ साई ॐ सञ्जय साई

ॐ साई ॐ सञ्जय साई बाबा ॐ
यो पुण्यभूमि नेपालको
तिमी गरिमा हौ सञ्जय बाबा
जगमा ज्ञानको ज्योति छर्ने
प्रकाशपुञ्ज हौ बाबा
जय होस्, जय होस्, जय होस्
तिम्रो दिव्यावतार बाबा
मङ्गलमय बनोस्
ॐ साई ॐ श्री सञ्जय साई बाबा ॐ ।

तिम्रो लक्ष्य अनन्त छ
सब सार्थक बनोस्
मानव सेवामा समर्पित जीवन
प्रेरणामय बनोस्
सर्वधर्म परिपालक साई
तिम्रो जय जय होस्
जय होस्, जय होस्, जय होस्
तिम्रो दिव्यावतार बाबा
मङ्गलमय बनोस्
ॐ साई ॐ श्री सञ्जय साई बाबा ॐ ।

तिम्रो रजत शुभ-जन्ममहोत्सव
उल्लासमय बनोस्
सुख-समृद्धि, सुस्वास्थ्यले
तिम्रो पाउ चुमिरहोस्
सत्य सनातन सारथि साई
तिम्रो जय जय होस्
जय होस्, जय होस्, जय होस्
तिम्रो दिव्योपदेश बाबा
युग-युग फैलिरहोस्
ॐ साई ॐ श्री सञ्जय साई बाबा ॐ ।

२०६९ मङ्सिर २

श्री सञ्जय बाबाको
२५ औं शुभजन्मोत्सव माघ ६ गते

ॐ

# जगत्स्वामी अन्तर्यामी

जगत्स्वामी अन्तर्यामी
दीनदयालु हे गिरधारी
अर्पिरहेछु जीवनपुष्प
प्रभुको पदमा शिर धरी ।

भुलिरहेछु जगबन्धनमा
दिव्य ज्ञान नपाई
यो जड देहप्रतिको मोहबाट
छुटाऊ मलाई
जीवन सार्थक पार्न सकूँ म
निशदिन प्रभुको ध्यान गरी
अर्पिरहेछु जीवनपुष्प
प्रभुको पदमा शिर धरी ।

हृदयवासी करुणासागर
तिमी नै पालनकर्ता
कसरी तिम्रो दर्शन पाऊँ
आकुल मन यो रुन्छ सदा
सच्चा सेवक बन्न सकूँ म
प्रभुको कीर्तन गान गरी
अर्पिरहेछु जीवनपुष्प
प्रभुको पदमा शिर धरी ।

२०५८ वैशाख
'आत्मनिवेदन' अङ्क ७ मा प्रकाशित

ॐ

# मेरो राम यो मन्दिरमा

मेरो राम यो मन्दिरमा
सदा तिम्रो बास रहोस्
म अनाथ अभागीमा
प्रभुप्रेम र कृपा रहोस् ।

अस्थायी यो जीवनको
सब मर्म बुझेर पनि
प्रभुभक्तिविना व्यर्थै
किन बनेँ म अज्ञानी
मेरो हृदयकमलमा
सदा तिम्रो राज रहोस्
म अनाथ अभागीमा
प्रभुप्रेम र कृपा रहोस् ।

गुरु ब्रह्मा, गुरु विष्णु
गुरुदेव नै देव महेश
गुरुज्ञानविना जीवन
बन्दैन सखे पावन
गुरुभक्तिमा लागोस् मन
प्रभु पुष्प बनोस् जीवन
म अनाथ अभागीमा
प्रभुप्रेम र कृपा रहोस् ।

गुरुपुर्णिमा, २०४४
मैतीदेवी, सेतोपुल, काठमाडौँ

ॐ

# आस्था हो ईश्वर

आस्था हो ईश्वर
विश्वास हो ईश्वर
आफूभित्रको अखण्ड
आनन्द हो ईश्वर ।

सत्य हो ईश्वर, धर्म हो ईश्वर
शान्ति र प्रेम, अहिंसा हो ईश्वर
सद्भाव, सद्कर्म, सेवा हो ईश्वर
आफूभित्र अखण्ड आनन्द ईश्वर

आस्था हो ईश्वर
विश्वास हो ईश्वर
आफूभित्र अखण्ड
आनन्द ईश्वर ।

ॐ

# पलपल व्याकुल छु प्रभुदर्शन पाउन

पलपल व्याकुल छु प्रभुदर्शन पाउन
मलाई लिन मेरो कृष्ण तिमी आफैँ आऊ न ।

सुदामाको कनिकालाई प्रमले रुचायौ
गजराजको पुकार सुनी हतारिँदै आयौ
म पनि त तिम्रै हुँ नि, यी हात समाऊ न
मलाई लिन मेरो कृष्ण तिमी आफैँ आऊ न ।

द्रौपदीको चिरहरणमा लाज बचायौ
सुरदासलाई विपद पर्दा हात समायौ
म पनि त तिम्रै हुँ नि यी हात समाऊ न
मलाई लिन मेरो कृष्ण तिमी आफैँ आऊ न ।

पलपल व्याकुल छु प्रभुदर्शन पाउन
मलाई लिन मेरो कृष्ण तिमी आफैँ आऊ न ।

२०७६ कार्तिक
मध्य बानेश्वर, काठमाडौँ

ॐ

# हे आत्मा राम, परमात्मा राम

हे आत्मा राम, परमात्मा राम
आनन्द राम, परमानन्द राम ।

सत्य सनातन सारथि राम
सकल चराचर व्यापक राम
रघुकुलभूषण अयोध्या राम
भक्त उद्धारक परमेश्वर राम ।

हे आत्मा राम, परमात्मा राम
आनन्द राम, परमानन्द राम ।

ॐ

# मेरो साई राम तिमीलाई

मेरो साई राम तिमीलाई
कुन नामले पुकारूँ
कणकणमा मै छु भन्छौ
कुन रूपमा निहारूँ ।

केवल शरीर छ यहाँ
मन पुग्छ साई चरणमा
अब लौ हे नाथ मलाई
लेऊ न है शरणमा ।

मेरो साई राम तिमीलाई
कुन नामले पुकारूँ
कणकणमा मै छु भन्छौ
कुन रूपमा निहारूँ ।

ॐ

# देवाधिदेव हे महादेव

देवाधिदेव हे महादेव
त्रिनेत्रधारी उमा-महेश
सबमा व्यापक भएर रहने
शिव परमात्मा प्रभु परमेश ।

शिरमा शोभित उज्ज्वल चन्द्र
अविरल बग्ने पवित्र गङ्गा
कटीमा केवल बाघको छाला
गलामा हर्दम रुद्राक्ष माला ।

दिगम्बर छौ भोले बाबा
त्रिशूलधारी डमरुवाला
वृषभ मनोहर तिम्रो बाहन
धारण गर्दछौ सर्पको गहना ।

तीनै लोकमा तिम्रो महिमा
तिम्रो लीला अपरम्पार
जीवनदेखि मृत्युसम्म
भज्दछ तिम्रै नाम चराचर ।

देवाधिदेव हे महादेव
त्रिनेत्रधारी उमा-महेश
सबमा व्यापक भएर रहने
शिव परमात्मा प्रभु परमेश ।

ॐ

# हे परमात्मा ! हे परमेश्वर !

हे परमात्मा ! हे परमेश्वर !
हे दीनबन्धु ! हे साई शङ्कर !

साह्रै विपदमा परेका छौँ हामी
किन चुप हुन्छौ नि सब जानी-जानी
अब देऊ प्रेम र शान्तिको अभिषेक
भरिदेऊ आपसमा सद्भाव र विवेक ।

हे परमात्मा ! हे परमेश्वर !
हे दीनबन्धु ! हे साई शङ्कर !

ॐ

# मलाई तिम्रो शरणमा

मलाई तिम्रो शरणमा
लेऊ न प्रभु
म त तिम्रो चरणको
प्यासी हुँ ।

कति जन्म बित्यो
मलाई थाहा छैन
फेरि जन्म लिने
मेरो चाह छैन ।

पलपल म सधैँ
हरिनाम जपूँ
पलपल म सधैँ
साई नाम जपूँ ।

मलाई तिम्रो शरणमा
लेऊ न प्रभु
म त तिम्रो चरणको
प्यासी हुँ ।

ॐ

# झुल्नु अति छ उत्तम

भुल्नु अति छ उत्तम संसारी मोह-बन्धन
एक्लै हिँडेको पथमा  फिर्नुछ एक्लै एक दिन
जो आए जति रूपमा स्थायी त्यो रहेन
दिन-रातसँगै आयु बितेको थाहा भएन ।

संसारको नियम यो
साह्रै विचित्र रहेछ
सपना भनूँ कि विपना
दुवै नै झूटो रहेछ
यो सब बुझेर पनि
पापी मनै छ बलवान्
किन चेतना रहेन
समय छँदै नि भगवान् !

सधैँझैँ घाम-जून
झुल्केर अस्ताउँछ
झरना नदीको पानी
सागर पुगी हराउँछ
धर्तीको सृष्टि आखिर
धरतीमै लीन हुन्छ
त्यसै गरी यो आत्मा
परमात्मासँग मिल्छ ।

२०४८ कार्तिक
घट्टेकुलो, काठमाडौँ
'आत्मनिवेदन' अङ्क १० श्रावण २०५१ मा प्रकाशित

# हे मनमोहन ! हे गिरिधारी !

हे मनमोहन ! हे गिरिधारी !
हे मधुसूदन कृष्णमुरारि !

तिमी सबका हौ, सब तिम्रै हुन्
तिमीविना छैन कोही सहारा
तिम्रो पावन नाम लिनाले
सहज बन्दछ यो भवसागर ।

तिमी परब्रह्म विष्णु महेश्वर
लाखौँ स्वरूपधारी
सबको मनमन्दिरमा बस्छौ
हे मनमोहन ! कृष्णमुरारि ।

हे मनमोहन ! हे गिरिधारी !
हे मधुसूदन कृष्णमुरारि !

ॐ

# कविता खण्ड

## जन्मदिन

यस धर्तीको काखमा आफूलाई पाएको
आज पैँतालीस वर्ष पूरा गरी
छयालिसे बिहानी सुरु भएछ
बाल्यावस्था र युवावस्थाका दिनहरू
बितेको थाहै नपाई
प्रौढावस्था छाइसकेछ
मानिसको जीवन पाएर
के-के नै गरूँला भन्थेँ
तर आज-आज, भोलि-भोलि भन्दाभन्दै
यही धर्तीमा हराउने दिन पो
आइसकेछ ।

२०४९/५/१९
घट्टेकुलो, काठमाडौँ

ॐ

# मेरी आमा

जन्मिएँ आमा छोरी भएर
जतनले हुर्कायौ
छोरा र छोरीमा नराखी भेद
रगत दिई बचायौ

हाम्रो खुसीमा गौरव मान्थ्यौ
दुःखमा दिक्दार
नदेखे एकछिन खोजेर हिँड्थ्यौ
छिमेक र बजार

घरका सबै बाधालाई सह्यौ
लोग्नेको निर्ममता
छोरा र छोरीको मायामा बिर्स्यौ
सौताको निष्ठुरता

हाम्रा अगाडि पुछेर आँसु
भन्दथ्यौ नानी हो
जिन्दगीभर खुसी भै बाँच
यही मेरो आशीष हो ।

२०२४ मङ्सिर
भोजपुर

ॐ

# देशप्रेम

जुन देशमा जन्मेँ, जुन देशमा हुर्केँ
त्यस देशका निम्ति जीउज्यान समर्पित छ
जननी जन्मभूमि नेपालका निम्ति
रगतको कणकणमा श्रद्धा र भक्ति छ ।

चाहन्छु यो मेरो देश
हिमालझैँ उच्च रहोस्
विश्वदर्पणमा
सबैभन्दा सुन्दर होस्
शान्तिको मङ्गलगीत
सुमधुर गुन्जिरहोस् ।

हरिया वनजङ्गलले
शीतलता छरिरहोस्
झरना र नदी-नालाले
धरतीलाई सिञ्चन गरोस्
यस देशको हरेक प्राणी
सधैँ खुसी र सुखी रहोस् ।

२०४३ आश्विन
धोबीखोला, सेतो पुल, काठमाडौँ

ॐ

# पढ भाइ, पढ बहिनी

पढ भाइ, पढ बहिनी
पढ सबै नानी
धेरै पढे बन्छौ तिमी
विद्वान् र ज्ञानी ।

बुद्ध थिए तिमीजस्तै
राम तिमीजस्तै
भृकुटी र सीता थिइन्
केटाकेटी उस्तै
विवेक र बुद्धिले नै
भएका हुन् नामी
धेरै पढे बन्छौ तिमी
विद्वान् र ज्ञानी ।

बाबु, आमा, गुरु सबको
मान्ने गर अर्ति
ईश्वर र देशप्रति
राख श्रद्धा-भक्ति
परिश्रम नै भविष्यको
मीठो फल ठानी
धेरै पढे बन्छौ तिमी
विद्वान् र ज्ञानी ।

सेतोपुल, धोबीखोला, काठमाडौँ
सङ्गीत – बुलु मुकारुङ
गायन – बुलु मुकारुङ र सुन्दर श्रेष्ठ

# आऊ मेरा प्यारा

आऊ मेरा प्यारा-प्यारा भाइबहिनी हो
सबै मिली गीत गाऊँ आफ्नै देशको ।

पूर्व हेर घाम झुल्क्यो किरण फिँजाउँदै
परेवा र डाँफे, मुनाल नाचे रमाउँदै
पढ्न बस समयलाई खेर नफालेर
आफ्नो भाग्य आफैँ कोर ज्ञान बढाएर
आज तिमी बालक, युवा भोलिको
सबै मिली गीत गाऊँ आफ्नै देशको ।

बादलुमा लुकामारी खेल्ने जूनलाई
जाऊ हिँड को पहिले सक्छौ छुनलाई
आकाशमा चम्की बस्ने ध्रुवतारासरि
ज्ञानी बनी नाम राख मिहिनेत गरी
यी कलिला हात तिम्रो कर्मठ भोलिको
सबै मिली गीत गाऊँ आफ्नै देशको ।

२०४४
धोबीखोला, सेतोपुल, काठमाडौँ
'नानी' पत्रिकामा प्रकाशित

ॐ

# तिम्रा निमित्त मैले के-के सहेर बाँचें

तिम्रा निमित्त मैले के-के सहेर बाँचें
के-के भयो नसोध, जे होस् तिमीलाई पाएँ ।

जहीँ-तहीँ नजरमा तिमीलाई मात्र देखेँ
छाती र मुटुभरि त्यही चित्र मैले लेखेँ
बनेर प्यासी तिम्रो पलपल मरेर धाएँ
के-के भयो नसोध, जे होस् तिमीलाई पाएँ ।

काँडाहरू जो पथमा तेर्सिरहेका थिए
भएन वास्ता चोटको, निस्फिक्री कुल्चिदिएँ
जति थिए ती बाधा, पन्छाउँदै म आएँ
के-के भयो नसोध, जे होस् तिमीलाई पाएँ ।

तिम्रा निमित्त मैले के-के सहेर बाँचें
के-के भयो नसोध, जे होस् तिमीलाई पाएँ ।

२०२२ फागुन २२
भोजपुर
गायिका – मुगा श्रेष्ठ

ॐ

# मेरो ललाटको ए सौभाग्य सितारा

मेरो ललाटको ए सौभाग्य सितारा
तिमी एक नै छौ, मेरो सहारा ।

कति व्यर्थ लाग्छ जीवन एक्लै जिउनुपर्दा
मर्नु नै निको लाग्छ सधैँ आँसु पिउनुपर्दा ।

किन आइरहेछ यो दिन व्यर्थै व्यथा लिएर
किन नि यो रात आउँछ छटपट र बेचैनी लिएर ।

कहीँ ठोकर खाएर गिर्दा यी हात नछाडिदेऊ है
कहीँ आपदविपदले घेर्दा यो साथ नछाडिदेऊ है ।

२०२५
भोजपुर

ॐ

# ए जून किन उदायौ खुसीको सौगात लिएर

ए जून किन उदायौ खुसीको सौगात लिएर
बरू मर्न देऊ मलाई निशामा पिल्सिएर ।

बिते कसरी यी दिन, बिताऊँ कसरी बाँकी
नजर टोलाई बस्छ, नपाई प्यारो साथी
पिउँछु सधैँ म आँसु, सकिएन कहिल्यै रोएर
मुटुको बढ्दो घाउ गएन कहीँ धोएर
बितिरहेछ जीवन चखेवाजस्तो भएर
बरू मर्न देऊ मलाई निशामा पिल्सिएर ।

छैन रहर ज्यूने तिमीदेखि टाढा भएर
बरू निको लाग्छ बन्न खरानी छिट्टै जलेर
माया अमर यो मेरो, मर्दैन म मरेर
तिमीलाई क्षितिजपारि पर्खिरहन्छु कुरेर
तिम्रो प्रतिमा कुँदिरहन्छु एकान्तमा बसेर
बरू मर्न देऊ मलाई निशामा पिल्सिएर ।

२०२४ मङ्सिर २६
भोजपुर

ॐ

# घरमाथिको डाँडा पनि

घरमाथिको डाँडा पनि
क्षितिजजस्तै लाग्यो
चन्द्रमाले छातीबाट
मुटु चोरी भाग्यो ।

जून भए तिमीलाई
छाया बनी छोइदिन्थेँ
बादल भए तिमी छेउ
माया पोखी रोइदिन्थेँ
मन मेरो तन छोडी
उडेजस्तै लाग्यो
चन्द्रमाले छातीबाट
मुटु चोरी भाग्यो ।

पन्छी भए उडी-उडी
तिमी छेउ आइपुग्थेँ
तारा मात्र भए पनि
हरेक साँझ चिहाई हेर्थें
तिमीविना दिन पनि
रातजस्तै लाग्यो
चन्द्रमाले छातीबाट
मुटु चोरी भाग्यो ।

२०२७ श्रावण
भोजपुर

ॐ

# यो मन जति रोए पनि

यो मन जति रोए पनि
आँसु देखाउन सकिनँ
सायद तिमीले बिर्स्यौ होला
मैले त बिर्सन सकिनँ ।

आकाशभरि नौलाखे तारा
बीचमा एक्लै जून
पिरती मीठो लाएर आज
सिकायौ केवल रुन ।

यति नजिक पुगेछु तिम्रो
तैपनि भेट्न सकिनँ
हृदयभित्र कोरेको चित्र
आँसुले मेट्न सकिनँ ।

ॐ

# किन होला मानिसको मन

किन होला मानिसको मन
एकनास नहुने
अरूलाई आफूजस्तो
सम्झिदिन नसक्ने
आफू जस्तो भए पनि
आफैँ ठूलो देख्ने
मानिसको यो बानीलाई
कसरी हो रोक्ने ?

जहाँ जाऊँ, जता जाऊँ
जसलाई हेरे पनि
आफ्नो ठानी मानिसलाई
जति गरे पनि
त्यही मानिस भइदिन्छ
आफ्नै सेखी गर्ने
मानिसको यो रोगलाई
कसरी हो रोक्ने ?

२०४० मङ्सिर
धोबीधारा, कुमारीस्थान, काठमाडौँ

ॐ

# तिमीलाई पर्खी बस्ता

तिमीलाई पर्खी बस्ता
वर्षौं बितिसकेछ
तिम्रो यादमा आँसु झर्दा
आँखा रित्तिसकेछ ।

तिम्रो माया चोखो सम्झी
मैले स्वीकारिदिएँ
तर झूटो प्रेम रहेछ
म बर्बाद भएँ
कहाँ जाऊँ के गरूँ म
आशा मरिरहेछ
तिम्रो यादमा आँसु झर्दा
आँखा रित्तिसकेछ ।

सम्झी-सम्झी मिलनका दिन
खुसीले म मात्तिन्थेँ
कहिलेकाहीँ बिछोडको
कल्पनाले आत्तिन्थेँ
तर हाम्रो प्रेमकहानी
सबै कथा भइसकेछ
तिम्रो यादमा आँसु झर्दा
आँखा रित्तिसकेछ ।

२०४० श्रावण
धोबीधारा, कुमारीस्थान, काठमाडौँ

ॐ

# किन ज्यून लाचार छु म

किन ज्यून लाचार छु म
जिउँदै मरेर पनि
किन हाँस्न विवश छु म
आँसु पिएर पनि ?

मेरो को छ, म कसको
लाग्छ सहारा छैन
प्रीतमको मुटु छ्यामैं
लाग्छ माया नै छैन
मेरो जीवन उजाड छ
वसन्त आएर पनि
किन हाँस्न विवश छु म
आँसु पिएर पनि ?

कति मरेर धाऊँ
क्षितिज भेट्नलाई
कति गरूँ प्रतीक्षा
मृत्युको शान्ति क्षणलाई
एक्लै भएझैं लाग्छ
आफन्तमाझ पनि
किन हाँस्न विवश छु म
आँसु पिएर पनि ?

२०२९ अश्विन १६
भोजपुर

ॐ

# जिन्दगीदेखि हारेर पनि

जिन्दगीदेखि हारेर पनि
बाँचिरहेकी छु
नपुगे पनि आशा-उमङ्ग
साँचिरहेकी छु ।

मान्छेको जुनी पाएर पनि
केही गर्न सकिनँ
सुख कि दुःख, के भन्नु मैले
छुट्याउन सकिनँ
मुटुमा चोट बोकेर धेरै
सहिदिएकी छु
जिन्दगीदेखि हारेर पनि
बाँचिरहेकी छु ।

अरूलाई देख्ता मनमा सोच्छु
के ऊचाहिँ सुखी छ ?
उसैलाई सोद्धा जवाफ पाउँछु
ऊ पनि दुःखी छ
त्यसैले जस्तै दुःखमा पनि
हाँसिदिएकी छु
नपुगे पनि आशा-उमङ्ग
साँचिरहेकी छु ।

२०२९ आषाढ
भोजपुर

ॐ

# सपना भए यो जीवन

सपना भए यो जीवन
ब्युँझेर भुल्न हुन्थ्यो
अधुरा कथाहरू
सहजै टुङ्गिने थियो ।

छियाछिया यो छाती
असह्य बन्दै दुख्छ
निर्बल भएर यो मन
त्यसै निराश हुन्छ
बरू कतै गएर
हराउन पाए हुन्थ्यो
अधुरा कथाहरू
सहजै टुङ्गिने थियो ।

माया र विश्वासभित्र
व्यर्थै म अल्झिएछु
पारेर चोट दिलमा
घाउ भई बल्झिएछु
आफ्नो बेहोसीबाट
छलिन पाए हुन्थ्यो
अधुरा कथाहरू
सहजै टुङ्गिने थियो ।

२०४४ वैशाख ६
धोबीखोला, सेतोपुल, काठमाडौँ

ॐ

# यो जीवन आफैँलाई भार भइरहेछ

यो जीवन आफैँलाई भार भइरहेछ
सुनौलो आशा र उमङ्ग आँसुमा बगिरहेछ ।

कल्पना गर्छु यो रात मेरो
यहीँ नै टुङ्गिदेओस्
थिचेर मुटु, बोकेर व्यथा
अरू धेरै ज्युनु नपरोस् ।

बुझिदिएनौ तिमीले मेरा
पीर र व्यथाहरू
बनेर मस्त पिएर नसा
बिर्सन खोज्छौ बरू ।

आफ्नो जीवन आफैँलाई भार भइरहेछ
सुनौलो आशा र उमङ्ग आँसुमा बगिरहेछ ।

२०२८ श्रावण
भोजपुर

ॐ

# यो दिल दुखाई तिमीले

यो दिल दुखाई तिमीले
पाएका के छौ प्रीतम
या मनभरि तिमी छौ
तिमीलाई चाहन्छु हर्दम ।

तिमीलाई पाएर पनि
म एक्लै जिइरहेछु
खुसीमा झुम्छौ तिमी
म आँसु पिइरहेछु
गरेर आसा खुसीको
बितिसकेछ जीवन
यो मनभरि तिमी छौ
तिमीलाई चाहन्छु हर्दम ।

जब साँझ रङ्गीन हुन्छ
मिलनको सन्देश लिएर
अपलक कुरिरहन्छु
प्रतीक्षा तिम्रो गरेर
तर रात बग्दै जान्छ
आँसुको मुहान भएर
यो मनभरि तिमी छौ
तिमीलाई चाहन्छु हर्दम ।

२०३० आषाढ
भोजपुर

ॐ

# वियोगको सानो क्षण पनि

वियोगको सानो क्षण पनि
वर्षौं बितेझैँ लाग्छ
आँखाको आँसु रोक्तारोक्तै
थाहै नपाई खसेछ ।

सुनसान कोठाको निरस पलङमा
चुपचाप पल्टिरहेँ
निदाउन खोजेँ, लागेन आँखा
त्यसै टोलाई बसेँ ।

टाढाको जून हेरेर मैले
सारा रात बिताएँ
सम्झेर खाली प्रीतमको मुहार
सम्झना साथी बनाएँ ।

२०३० फागुन १४
भोजपुर

ॐ

# पीरैपीरले बनेको महल यो

पीरैपीरले बनेको महल यो
आँसुले तिमी सजाऊ
म मरिगएँ भने पनि
दुई थोपा आँसु मेरो यादमा खसाऊ ।

बिन्ती छ प्रिय यो आँसु मेरो
हाँसोले नउडाऊ
प्रेमले टिपेको कलिलो फूल
घृणाले नलत्याऊ ।

मायामा फक्रेको फूलको अस्तित्व
मायाले बचाऊ
आँधी र हुरी सहेर पनि
माया-फूल जोगाऊ ।

२०३० आषाढ २
भोजपुर

ॐ

# हिजोआज मेरो मन

हिजोआज मेरो मन किन दुखिरहन्छ ?
जिन्दगीको थकाइ हो कि आँसु मात्र खस्छ ।

हरपल हरक्षण जसका निम्ति बाँचिरहेँ
कलिला यी मुना भनी पसिनाले सिँचिरहेँ
फुलाएर कोपिला यी सुवासले भरौँ भन्थेँ
फुलेपछि थाहा पाएँ विष-फूल रहेछ ।

जसका निम्ति जिन्दगीको सबै खुसी सुम्पिदिएँ
स्वतन्त्र यो जीवनलाई समस्याले बाँधिरहेँ
पत्थरलाई कुँदी कुँदी हीरा बनाउन खोजेँ
तर ढुङ्गा हीरा बन्न कहाँ सक्दो रहेछ र !

सेवा गर्नु धर्म भनी जानेसम्म लागिरहेँ
तीता-मीठा कुराहरू झूटो भनी सहिदिएँ
तन-मन-धन सबै अरूमाझ बाँडिरहेँ
बल्ल आज थाहा पाएँ पराई भन्ने कस्तो हुन्छ !

२०४६ जेठ १९
धोबीखोला, सेतोपुल, काठमाडौँ

ॐ

# कस्तो अनौठो लाग्छ

कस्तो अनौठो लाग्छ, कति बिरानो लाग्छ
जब तिमी अर्कै बन्छौ मदिरा पिएको बेला ।

कति गरेथेँ आशा, कति गरेथेँ विश्वास
कस्तो अगाध माया-श्रद्धा रह्यो तिमीमा
सब तुच्छ लाग्छ त्यो क्षण तिमीलाई बेहोस पाउँदा
जब आफैँलाई भुल्छौ मदिरा पिएको बेला ।

आफन्त सब भुलेर तिमीमा हराइदिएँ
जन्मेको नाताभन्दा तिमीलाई आफ्नो सम्झेँ
पराई लाग्छ त्यो क्षण, आफ्नै खुसी जो भन्छौ
जब आफैँलाई भुल्छौ मदिरा पिएको बेला ।

संयोग हो खुसीको वियोग हुन्छ दुःखी
दुई दिनको जीवनमा पाइनँ मैले खुसी
जन्मेको व्यर्थ लाग्छ विवश आँसु खस्ता
जब तिमी स्वार्थी बन्छौ मदिरा पिएको बेला ।

२०४८ वैशाख १
घट्टेकुलो, काठमाडौँ

ॐ

# नखोजेको कहाँ हो र

न खोजेको कहाँ हो र खुसी भएर बाँच्न
नचाहेको कहाँ हो र हृदय खोलेर हाँस्न
तर बाध्यता र समय
पछ्याइरहेको हुन्छ
जहाँ खुसीभन्दा धेरै
आँसु र दुःख हुन्छ ।

चाहना हुन्छ मनमा जून-तारालाई समेटूँ
उचाइमा पुगेर विशाल आकाश भेटूँ
तर स्वप्नमहल टुटेर
आफ्नै छेउमा छरिन्छ
जहाँ खुसीभन्दा धेरै
आँसु र दुःख हुन्छ ।

कहिले त यस्तो लाग्छ
संसारभरिको सुख
एक-एक गरी टिपेर
बटुल्न पाए हुन्थ्यो
तर मृत्युको त्रासले
त्यो पनि तुच्छ हुन्छ
जहाँ खुसीभन्दा धेरै
आँसु र दुःख हुन्छ ।

२०४३ वैशाख १८
धोबीखोला, सेतोपुल, काठमाडौँ

ॐ

# आजभोलि मेरो मनमा

आजभोलि मेरो मनमा
के-के कुरा खेलिरहन्छ
सधैँभरि तिमीसँगै
बसिरहूँ जस्तो लाग्छ ।

तिम्रो हिसी परेको रूप
हेरिरहूँ जस्तो लाग्छ
पीयूषरूपी मीठो बोली
सुनिरहूँ जस्तो लाग्छ
सधैँभरि तिमीसँगै
बसिरहूँ जस्तो लाग्छ ।

साथ हुन्छौ सपनीमा
विपनीमा भागी हिँड्छौ
नजानेझैँ गरी-गरी
मेरो मुटु चुँड्न खोज्छौ
सधैँ-सधैँ तिमीसँगै
बसिरहूँ जस्तो लाग्छ ।

२०३९ आश्विन २
धोबीधारा, कुमारीस्थान, काठमाडौँ

ॐ

# मन यो मेरो मन

मन यो मेरो मन
किन हुन खोज्छ दोमन-दोमन ।

पूर्णिमाको जून किन उदाएन ?
बिहानीको उषा आइन्
मेरो भानु आएन, मेरो भानु आएन ।

मन यो मेरो मन
किन हुन खोज्छ दोमन-दोमन ।

झरनाको चिसो पानी
अञ्जुलीमा पिएँ मैले
कतिन्जेल पर्खिबसूँ
फर्कन्नौ कि कहिले हो
फर्कन्नौ कि कहिले ।

मन यो मेरो मन
किन हुन खोज्छ दोमन-दोमन ।

२०४९ आषाढ
घट्टेकुलो, काठमाडौँ

ॐ

# तिमीलाई मैले कहाँ-कहाँ खोजेँ

तिमीलाई मैले कहाँ-कहाँ खोजेँ
कतै नभेट्ता लाग्यो किन रोजेँ ?

बादल बनेर आकाशमा डुल्दै
पवन भएर चारै दिशा सुसेल्दै
तिमीलाई मैले सबैसित सोधेँ
कतै नभेट्ता लाग्यो किन रोजेँ ?

ब्युँझिएदेखि ननिदाएसम्म
पलपल बिताएँ तिम्रो सम्झनामा
हृदयमा राखी तिमीलाई पुजेँ
कतै नभेट्ता लाग्यो किन रोजेँ ?

तिमीलाई मैले कहाँ-कहाँ खोजेँ
कतै नभेट्ता लाग्यो किन रोजेँ ?

२०५१ कार्तिक २३
घट्टेकुलो, काठमाडौँ

ॐ

# तिहार

तिहार आयो लिएर खुसी
सबैको घरघरमा
म एउटी बहिनी दुःखी भई रुन्छु
दाजुको बिछोडमा ।

वर्षदिनपछि आएको चाड
घर-आँगन सजाउन
दिदी र भाइ, दाजु र बहिनी
भेटघाट भई रमाउन
औँसीको रात खेले हुन् साथी
भैलो र देउसी
सम्झेर तिनै रमाइला दिन
मन रुन्छ बेसरी ।

फूलमाला उनेँ दाजुलाई भनी
मखमली, सयपत्री
पाँचै रङ्ग टीका थालीमा मुछेँ
लगाउँछु भनेर
यो मेरो टीका, यो मेरो माला
जस्ताको तस्तै छ
यो वर्ष पनि यसै भो जाने
आँसुमा बगेर ।

२०४८ कार्तिक
घट्टेकुलो, काठमाडौँ

ॐ

# सरर उड्यो मन

सरर उड्यो मन
झनन झन्कियो तन
तिम्रो आगमनले
ढुकढुकी बढ्यो झन्-झन् ।

श्वास रुके-रुकेजस्तो भयो
ओठ सुके-सुकेजस्तो भयो
तिम्रो आगमनले
ढुकढुकी बढ्यो झन्-झन् ।

नजर झुके-झुकेजस्तो भयो
कदम रुके-रुकेजस्तो भयो
तिम्रो आगमनले
ढुकढुकी बढ्यो झन् झन्

सरर उड्यो मन
झनन झन्कियो तन
तिम्रो आगमनले
ढुकढुकी बढ्यो झन्-झन् ।

गायिका – मुगा श्रेष्ठ

ॐ

# आँखाले भ्याएसम्म हेरेर बसेँ

आँखाले भ्याएसम्म हेरेर बसेँ
ओझेल भइगयौँ
तिमीलाई सुम्पेँ जीवन
छाडेर टाढा गयौ ।

कति-कति आशा यहाँ
निराश नभए
जति टाढा गए पनि
बिर्सेर नरहे
छाडी जाने माया मेरो
एकपल्ट हेरिदेऊ
आँसु बगाई हेरिरहेँ
ओझेल भइगयौ ।

मेरा लागि तिमीविना
घाम अस्ताउनेछ
सधैँ तिमीलाई खोज्ने आँखा
थाकी निदाउनेछ
बोल्न बोली फुट्तैन
आँसु रोकिँदैन
कलेजी यो चिरिँदैछ
ओझेल भइगयौ ।

२०२७ वैशाख
भोजपुर

ॐ

# मनभरि फुलिदिने

मनभरि फुलिदिने
भावनाको फूल
कहिलेकाहीँ भइदिन्छ
त्यही ठूलो भूल ।

जवानीमा कल्पिएका
मीठा-मीठा कुरा
जिन्दगीको के भरोसा
हुन्छ हुन्न पूरा ।

सागरको छालसरि
उर्लिएको माया
बिहानीको शीतजस्तै
दिलाएर जाला ।

ॐ

# रात धेरै बितिसकेछ

रात धेरै बितिसकेछ
तर निद कहाँ हरायो
सुनसान धर्तीमा
फगत म एक्लो
कसको सम्भनाले जगायो ?

यो मन आफ्नो, यो तन आफ्नो
जीवन आफ्नै हो
तर यो दर्द र चाहना कसको
सम्भना कसको हो ?

थिएन आशा यो दिलमा फेरि
मायाको फूल फुल्छ भनेर
थिएन विश्वास यो एक्लो पनमा
कोही त आफ्नो हुन्छ भनेर ।

२०५० मङ्सिर २
घट्टेकुलो, काठमाडौँ

ॐ

# टाढा-टाढा भागिहिँडेँ

टाढा-टाढा भागिहिँडेँ
याद बनी आइरह्‍यौ
आँखा चिम्ली भुल्न खोजेँ
परेलीमा छाइरह्‍यौ ।

कस्तो नशा लागिदियो
बुझ्न सकिएन
कस्तो अल्झो लागिदियो
खोल्न सकिएन
भावनालाई पन्छाइरहेँ
छाया बनी आइरह्‍यौ
आँखा चिम्ली भुल्न खोजेँ
परेलीमा छाइरह्‍यौ ।

भागी हिँड्ने मनलाई
बाँध्न सकिएन
सम्झनामा बग्ने आँसु
रोक्न सकिएन
हत्केलाले दिल थामेँ
पीर बनी सताइरह्‍यौ
आँखा चिम्ली भुल्न खोजेँ
परेलीमा छाइरह्‍यौ ।

२०५१ आषाढ
विराटनगर
सङ्गीत – डेनी निरौला
गायिका – मनिता काम्बाङ

# अभिशाप हो वा वरदान

अभिशाप हो वा वरदान
जीवन के हो, बुझिनँ
सुखमा-दुःखमा बग्ने
आँसु के हो, बुझिनँ ।

कतै त्यही मायाको
मोल नै अर्को हुन्छ
कतै त्यही मायाको
अर्थ नै अर्को बन्छ
मृत्युसम्म पुऱ्याउने
माया के हो, बुझिनँ
सुखमा-दुःखमा बग्ने
आँसु के हो, बुझिनँ ।

उमेर सधैँ बढेर
आयु हराउँदै जान्छ
तर चाहना र आशा
किन बढिरहन्छ
आशा-निराशा साँच्ने
यो मन के हो, बुझिनँ
सुखमा-दुःखमा बग्ने
आँसु के हो, बुझिनँ ।

२०५० फागुन ५
घट्टेकुलो, काठमाडौँ

ॐ

# तिम्रो हेराइले मुटु छोएछ

तिम्रो हेराइले मुटु छोएछ
थाहै नपाई यो दिल दुखेछ
मेरो नयनमा तस्बिर बनेछौ
तिम्रो सम्झनामा आँसु बगेछ ।

न कुनै चिनाजानी थियो
न कतै देखेको-भेटेको थिएँ
एकै नजरमा कसरी मेरो
मुटुको धड्कन बनिदिएछौ ।

जब एक्लै हुन्छु, मनलाई सोध्छु
हुनै नसक्ने यो के भयो है
पुर्वजन्मको साथी थियौ कि
कसरी यो दिलमा दर्द बनेछौ ?

२०५० मङ्सिर १६
घट्टेकुलो, काठमाडौँ

ॐ

# तिमीले मलाई साह्रै सतायौ

तिमीले मलाई साह्रै सतायौ
मेरो भोक, प्यास, निद्रा सबै उडायौ
तिमीले मलाई साह्रै सतायौ ।

थिएन विश्वास पूर्वजन्मको
न त आशा राखेँ पुनर्जन्मको
तर तिमीलाई देख्ता यसरी झस्केँ
लाग्यो चिनारी जन्म-जन्मको ।

जहाँ-जहाँ जान्छु, म तिमी त्यहीँ हुन्छौ
जति बिर्सूँ भन्छु, मुटु छोइदिन्छौ
मनमा उठेको यो अदृश्य हलचल
पीडा भएर दुख्तछ पलपल ।

तिमीले मलाई साह्रै सतायौ
मेरो भोक, प्यास, निद्रा सबै उडायौ ।

२०५०
घट्टेकुलो, काठमाडौँ

ॐ

# तिम्रो प्रेममा म पागल भएछु

तिम्रो प्रेममा म पागल भएछु
बाटो बिराएर भौँतारिएछु
कहाँ पुग्नुपर्ने, कता पुगेछु ।

शून्य आकाशमा उडूँझैँ लाग्छ
अथाह सागरमा डुबूँझैँ लाग्छ
तिम्रो खोजीमा म आफैँ छुटेछु
मान्छेको हुलमा म एक्लो भएछु ।

हावा-हुरी पनि बोलेझैँ लाग्छ
जूनको किरणले पोलेझैँ लाग्छ
तिम्रो सम्झनामा यति डुबेछु
म त एक्लै हाँस्ने-रुने भएछु ।

२०५१/११/१२
घट्टेकुलो, काठमाडौँ
गायिका – मुगा श्रेष्ठ

ॐ

# सपनीमा रोएछु यस्तरी

सपनीमा रोएछु यस्तरी
सँगिनीले जिस्क्याई बेस्सरी ।

तिमी थियौ अघिअघि
म थिएँ पछिपछि
जति भेट्न खोज्थेँ तिमीलाई
बढ्दै गयो हाम्रो दूरी
मन दुख्ता रोएछु यस्तरी
सँगिनीले जिस्क्याई बेस्सरी ।

पछ्यौरीमा अल्झिएर
ठेस लागी लडेपछि
तिमी कतै हराइदियौ
दोबाटोमा पुगेपछि
आत्तिएर रोएछु यस्तरी
सँगिनीले जिस्क्याई बेस्सरी ।

२०७३ माघ
मध्य बानेश्वर, काठमाडौँ

ॐ

# तिमी मलाई जे भन

तिमी मलाई जे भन
मैले त भुल्न सकिनँ
किन बढ्दछ चाहना
त्यो मैले बुझ्न सकिनँ ।

आँखा तिमीलाई खोजिरहन्छ
मनले सधैँ नै सोधिरहन्छ
यो स्थितिलाई म के भनूँ
माया भनूँ कि तिर्सना
तिमी मलाई जे भन
मैले त भुल्न सकिनँ ।

विक्षिप्त मन यो सुस्ताइरहन्छ
पीडाले मुटु जलाइरहन्छ
यो स्थितिमा म के गरूँ
भनूँ त कसरी यो वेदना
तिमी मलाई जे भन
मैले त भुल्न सकिनँ ।

२०५१ वैशाख १५
घट्टेकुलो, काठमाडौँ

ॐ

# थाहै नपाई म ठूली भएछु

थाहै नपाई म ठूली भएछु
कसैको दिलकी रानी बनेछु
स्वच्छ गगनमा उडिरहेथेँ
मायाको जालमा परिसकेछु ।

म सधैँ हिँड्ने बाटाहरूमा
पर्खेर बस्ने कोही भएछ
कलिलो मुनासरि जीवनमा
वसन्ती बहार छाइसकेछ ।

जब तिमीले मलाई प्रेमले बोलायौ
पाउ आफैँ रुकिदिएछ
जब तिमीले मेरा हात समायौ
सरमले नजर झुकिदिएछ ।

२०५२ माघ २
घट्टेकुलो, काठमाडौँ

ॐ

# गाह्रो अति गाह्रो

गाह्रो अति गाह्रो
बिर्सन धेरै गाह्रो
तिमीसँगका ती पलहरू
बिर्सन धेरै गाह्रो
गाह्रो अति गाह्रो
बिर्सन धेरै गाह्रो ।

कति मीठो लाग्थ्यो तिमीले
सुस्तरी गुनगुनाउँदा
मदहोस भई म झुम्थें
तिमी नजिक आउँदा
गाह्रो अति गाह्रो
बिर्सन धेरै गाह्रो ।

म भन्थें मेरा दीप हौ
तिमी भन्थ्यौ मेरी छाया
कहिल्यै नछुट्ने गरी
लाएथ्यौँ हामीले माया
गाह्रो अति गाह्रो
बिर्सन धेरै गाह्रो ।

२०६६
मध्य बानेश्वर, काठमाडौँ

ॐ

# जिन्दगी यो ढाकिरहेछ

जिन्दगी यो ढाकिरहेछ
कहिले घाम कहिले छायाले
सुख-दुःखसँग खेल्दै
बाँचिरहेछु तिम्रै मायाले ।

तिमी साथ हुँदाखेरि
जताततै लाग्छ रमाइलो
आँखाबाट टाढा हुँदा
दिन पनि देख्छु अँधेरो
विरही मन मेरो
भित्रभित्रै रुन्छ पीरले
सुख-दुःखसँग खेल्दै
बाँचिरहेछु तिम्रै मायाले ।

सधैँजस्तो आकाशमा
झिलिमिली तारा उदायो
कहाँ होला मेरो माया
सम्झनाले आँखा रसायो
तिम्रो-मेरो विरहलाई
माथि बसी हेर्छ जूनले
सुख-दुःखसँग खेल्दै
बाँचिरहेछु तिम्रै मायाले ।

२०४४ माघ
मैतीदेवी, सेतोपुल, काठमाडौँ

ॐ

# दोहोरी गीत (क)

केटा : वनै र भरि रातैमा फुल्ने
क्या राम्रो फूलको बोट
चन्द्रमा बरू देखिन्छ दागी
तिमीमा छैन खोट
बहिनी ! तिमीमा छैन खोट ।

केटी : पिखुवा खोला उर्लेर आयो
ढाकेर बगर
चिनजानविना अर्कालाई त्यसै
धेर खिसी नगर
दाजु ! धेर खिसी नगर ।

केटा : बगैँचाबीच फुलेछ फूल
क्या मीठो वासना
यो लालीजोवन ओइली नझर्दै
पिरती गाँसौँ न
बहिनी ! पिरती गाँसौँ न ।

केटी : कता हो गाउँ, कसका हौ छोरा
के पऱ्यो तिम्रो थर
लाने मन भए बाबालाई भन
जाऊँ हिँड हाम्रो घर
दाजु ! जाऊँ हिँड हाम्रो घर ।

२०५३ फागुन
घट्टेकुलो, काठमाडौँ

## दोहोरी गीत (ख)

केटा : नसुनेझैँ गर्ने बानी साह्रै नराम्रो

केटी : नदेखेझैँ गर्ने बानी झनै नराम्रो

केटा : इसाराले बोलाइरहेँ
तिमीले हेरिनौ
सुसेलीमा गाइरहेँ
तिमीले सुनिनौ
रिसाएझैँ गर्ने बानी
साह्रै नराम्रो

केटी : नदेखेझैँ गर्ने बानी झनै नराम्रो

केटी : देउरालीमा पर्खी बसेँ
तिमी आएनौ
मेरो चोखो पिरतीको
भाषा बुझेनौ
बिर्सिएझैँ गर्ने बानी
साह्रै नराम्रो

केटा : नचिनेझैँ गर्ने बानी झनै नराम्रो ।

(रेकर्ड गरिएको र गाइएको)

ॐ

# कहिलेकाहीँ म यसरी जल्छु

कहिलेकाहीँ म यसरी जल्छु
मेरो जलनको सीमा नै हुन्न
म भित्रभित्रै यसरी गल्छु
लाग्छ जीवनमा गति नै छैन

कारण खोजेर थाहा नै हुन्न
जिउने इच्छा बिलकुल रहन्न
दृष्टि अनन्तमा फैलिरहन्छ
कि त आँसुसँगै रोइरहन्छ

चेतना शून्य भएझैँ लाग्छ
शारीरिक क्रिया अपाङ्ग बन्छ
धेरै पछि म पुनः बौरिन्छु
मलाई के भो, आफैँ सम्झन्छु

यो त अनन्त पीडा रहेछ
भित्रभित्रै दन्किरहने
यो त ठूलो पश्चात्ताप रहेछ
जिन्दगीभर पोलिरहने ।

२०५१ फागुन १७
घट्टेकुलो, काठमाडौँ

ॐ

# यो नाता हो कस्तो

यो नाता हो कस्तो
यो माया हो कस्तो
तिमीविना लाग्छ नि
सबै रित्तो-रित्तो ।

तिमी मेरा मुटु हौ
तिमी मेरा धड्कन
तिमी मेरा ज्यान हौ
तिमी मेरो जीवन ।

तिमी मेरा श्वास हौ
तिमी प्राण मेरो
तिमी मेरा संसार हौ
तिमी सम्पूर्ण मेरो ।

यो नाता हो कस्तो
यो माया हो कस्तो
तिमीविना लाग्छ नि
सबै रित्तो-रित्तो ।

२०७० भाद्र
मध्य बानेश्वर, काठमाडौँ

ॐ

# पिउँछु म पिउँछु, अलिअलि पिउँछु

पिउँछु म पिउँछु, अलिअलि पिउँछु
तिम्रो सम्झनामा सधैँ नै पिउँछु ।

भुल्न कठिन भो मलाई
तिम्रा ती भिजेका परेलाहरू
अहिलेझैँ लाग्छ तिमीले
चुमेका मेरा यी औँलाहरू
यी औँलाहरू हेर्दै
अलिअलि पिउँछु
तिम्रो सम्झनामा सधैँ नै पिउँछु ।

तिमीलाई दोष दिन्न प्रिय
म पनि त दोषी होइन
नियतिका सामु आखिर
पर्दो रहेछ झुक्न
विवशताले दुख्तै
तिम्रो सम्झनामा पिउँछु ।

पिउँछु म पिउँछु, अलिअलि पिउँछु
तिम्रो सम्झनामा सधैँ नै पिउँछु ।

२०६४ आश्विन
मध्य बानेश्वर, काठमाडौँ

ॐ

# आज म कसरी अलमलिएछु

आज म कसरी अलमलिएछु
कसैको यादमा आफूलाई भुलेछु ।

उही हो बाटो, उही हो बस्ती
उही हो जीवन, उस्तै छ यो मन
तर सधैँ हिँड्ने बाटो भुलेछु
कसैको यादमा आफूलाई भुलेछु ।

उही हो अम्बर, उही हो धरती
उही हो घाम, उही हो जून
तर कुन अभावमा त्यसै रोएछु
कसैको यादमा आफूलाई भुलेछु ।

ॐ

# तिम्रो नजरको सायद म धूलो

तिम्रो नजरको सायद म धूलो
मेरो नजरमा तिमी प्राणविन्दु
तन दुई मन एक भएर पनि
कति टाढा हुन्छौ मदेखि तिमी
तिमीभित्र डुबेर म भिजे पनि
मभित्र डुब्न सकेनौ तिमी ।

जीवनको अमूल्य घडी बितेछ
इच्छा र उमङ्ग अपाङ्ग भएछ
यो हातपाउ शिथिल बनेछ
हृदय त केवल यन्त्र रहेछ
यही यन्त्रको तालमा नाचिरहेछु
मृत्युको पर्खाइमा बाँचिरहेछु ।

यदि ईश्वर कतै रहेछ भने
ईश्वर आई वरदान माग भनेछ भने
खुसी भएर म यही भन्नेछु
लैजाऊ फिर्ता मलाई भगवान्
चाहिन्नँ मलाई यो दुःखी देह
नदेऊ फेरि पुनर्जन्म ।

२०७१ भाद्र
मध्य बानेश्वर, काठमाडौँ

ॐ

# केही मुक्तकहरू

एक –
दुःखै-दुःख मात्र हो यो जीवन
सुखी छु भन्ने त कोही देखिनँ
सबै आशै-आशमा अल्झेको देखेँ
सन्तुष्ट छु भन्ने त कोही देखिनँ ।

दुई –
जतिलाई सोधेँ एउटै जवाफ
वेदना बोकी बाँचेको छ रे
आँखाको आँसु लाजले छोपी
समाजबीच हाँसेको छ रे ।

तीन –
सपना-विपना के हो जीवन ?
कस्तो हुन्छ साकार ?
सुख-दुःख कसरी हुन्छ ?
कसरी घुम्छ संसार ?

चार –
जसरी होस् यहाँ सबले बाँच्नुपर्छ
आँसु लुकाईकन हाँस्नुपर्छ
कहिले सुखले, कहिले दुःखले
भइरहेछ यहाँ सबको जीवन खर्च ।

पाँच –
क्षणिक जीवनमा दीर्घ निःश्वास
आकाङ्क्षा अझ अनन्त छ
मानवदेह पिँजडाभित्र
असन्तुष्ट आत्मा तड्पिरहन्छ ।

छ –
दुःखका कति क्षणहरूमा
भगवान् सम्झी दया खोजेँ
क्षणिक सुखमा विभोर बन्दै
अहोभाग्य भनी सम्झेँ ।

सात –
मेरो जीवनको अन्तिम घडी यो
तिमीलाई भन्नु के छ र मेरो
दिन सकिनँ तिमीलाई प्रेमको निशानी
बनिरहेछु म अधुरो कहानी ।

आठ –
प्रेमले दिए त्यो विष पनि
बन्दछ पीयूष
कपट राखी दिएको अमृत
भइदिन्छ कडा विष ।

नौ –
संसारको नासो हाड, छाला, मासु
संसारमै छाडेर जानुछ
शरीरको रगत शरीरमै सुक्छ
भरेर के पो लानुछ ।

दस –
सपनै-सपनामा अल्झेका रहेछौ
ब्युँझन बाँकी नै रहेछ
के-के सोचेथ्यौ, खोल त आँखा
के-के भइसकेछ ?

एघार –
जीवन कुनै नाटक होइन
जो क्षणिक अभिनयमा टुङ्गिन्छ ।

ॐ

# हे आमा !

हे आमा ! मैले कसरी टेकूँ यो तिम्रो आँगन
पुरानो याद झन् गाढा भई भिज्दछ नयन ।

जहाँ गए पनि सक्तिनथेँ म तिमीलाई बिर्सन
चाडपर्व सम्झी हतार हुन्थ्यो माइती फर्कन
खुसीले तिमी हेर्दथ्यौ बाटो कौसीमा बसेर
स्वागत गर्थ्यौ मुखमा हेरी मुसुक्क हाँसेर ।

यो घर देख्ता कहाली लाग्छ तिमीलाई सम्झेर
म कति बुझाऊँ यो मनलाई फर्कन्नौ भनेर
सुनसान कोठा देखेर आँसु खस्तछ तर्तरी
प्राणझैँ प्यारो मान्दथ्यौ आमा बिर्सनु के गरी ?

म कहीँ गए बस्तथ्यौ सधैँ पीरले रोएर
जेसुकै पनि साँचेर राख्थ्यौ छोरीलाई भनेर
म कहाँ पाऊँ अब त्यो माया ती मेरी आमाको
जुन काखमा मेरो बालापन बित्यो सधैँलाई टाढा भो ।

हे आमा ! मैले कसरी टेकूँ यो तिम्रो आँगन
पुरानो याद झन् गाढा भई भिज्दछ नयन ।

२०४३ श्रावण
भोजपुर
मुमा पूर्णकुमारीको रामायण
सृजना समूह भोजपुरको ‘लघु आयाम’ (साहित्यिक त्रैमासिक) वर्ष १ अङ्क ४
मा प्रकाशित

ॐ

# सदा शान्ति मिलिरहोस्

सदा शान्ति मिलिरहोस् पूज्य मुमालाई
हामी यही बिन्ती गर्छौं सधैँ प्रभुलाई ।

हामीलाई माया गरी बोलाउने त्यो मीठो बोली
कानभरि गुन्जिदिन्छ त्यही प्यारो बोली
सदा ... ...

सधैँ हाम्रो बाटो हेरी पर्खने ती मायालु आँखा
सधैँलाई चिम्लिएर गयौ प्यारी आमा
सदा ... ...

जस्तै दुःख परे पनि कहिल्यै नहुनु उदास
भनी हामीलाई दिनुहुन्थ्यो अर्ति-उपदेश
सदा ... ...

सम्झी तिमीलाई हृदयमा जति पीर बढाए पनि
फर्कन्नौ नि आमा ! हामी जति रोए पनि
सदा ... ...

सदा शान्ति मिलिरहोस् पूज्य मुमालाई
हामी यही बिन्ती गर्छौं सधैँ प्रभुलाई ।

मुमा पूर्णकुमारीको रामायण
२०४३ श्रावण, भोजपुर

ॐ

# सम्झनाभरि आँसु बहाउँछौं

सम्झनाभरि आँसु बहाउँछौं मुमालाई सम्झेर
छाडेर टाढा गए पनि बस्तछौं रोएर ।

सुनसान भो हाम्रो महल
उजाडियो यो बाग
हाय उजाडियो यो बाग
मालीविनाको जीवन फूल
सुकिरहेछ आज
हाय सुकिरहेछ आज
मातृवियोगको कठोर वेदना
भोगिरहेछौं आज
छाडेर टाढा गए पनि बस्तछौं रोएर ।

हाम्रो जीवनको ज्योति थियौ
सदालाई अस्ताइगयौ
हाय सदालाई अस्ताइगयौ
सुखशान्तिको मुहान थियौ
सदालाई टुटाइगयौ
हाय सदालाई टुटाइगयौ
आँसुको श्रद्धाञ्जली चढाउँछौं
भक्तिले झुकेर
हाय भक्तिले झुकेर
छाडेर टाढा गए पनि बस्तछौं रोएर ।

२०३० श्रावण, भोजपुर
खड्ग प्रधानकी श्रीमती रम्भाको रामायण
ॐ

# मुमाको गुण कसरी गाऊँ

मुमाको गुण कसरी गाऊँ, गाएर सकिन्न
दूधको भारा कसरी तिरूँ, तिरेर सकिन्न
निष्ठुरी कालले छुटाई लग्यो, बिर्सन सकिन्न ।

सन्तानका लागि के-कति सह्यौ, कसरी भनूँ म ?
त्यो प्यारो काख सधैँलाई छुट्यो, कसरी सहूँ म ?
निर्दयी कालले छुटाई लग्यो, बिर्सन सकिन्न ।

सन्तानको सुखमा गौरव मान्थ्यौ, दुःखमा दिक्दार
नदेखे एकछिन खोजेर हिँड्थ्यौ, छिमेक र बजार
निर्दयी कालले छुटाई लग्यो, बिर्सन सकिन्न ।

संसारको रीति बुझेर पनि, बुझ्दैन यो मन
नरोऊँ भन्छु बुझाउँछु मन, यो आँसु खस्छ झन्
निर्दयी कालले छुटाई लग्यो, बिर्सन सकिन्न ।

कहाँ पाऊँ अब ममतामयी मुमाको दर्शन
हृदयभित्र राखेर तिमीलाई सम्झन्छौ हर्दम
निर्दयी कालले छुटाई लग्यो, बिर्सन सकिन्न ।

मुमाको गुण कसरी गाऊँ, गाएर सकिन्न
दूधको भारा कसरी तिरूँ, तिरेर सकिन्न
निष्ठुरी कालले छुटाई लग्यो, बिर्सन सकिन्न ।

मुमा पूर्णकुमारीको रामायण
२०४३ श्रावण, भोजपुर

# अस्ताइजान्छ यो जिन्दगानी

अस्ताइजान्छ यो जिन्दगानी डाँडाको घामभैँ
जीवन भन्नु के छ र यहाँ एक मुठी खरानी ।

सम्भन्छु सधैँ बुबाको मुहार बिर्सन सकिनँ
नसकी खप्न वियोग-व्यथा रसाउँछ नयन ।

हजार कोसिस गरेर पनि बचाउन सकिनँ
गुमाएँ मेरो जीवनदाता रोएर पाउँदिनँ
ईश्वर आफैँ सुन्दर संसार रचेर बसाल्छ
यो घामछाया दुई दिनको माया खोसेर लैजान्छ ।

हे कृष्णचन्द्र ! हे दयासागर ! सुनिदेऊ पुकार
मेरा बुबालाई शरण देऊ एक्लो नपार
बीचमा नछाड ।

अस्ताइजान्छ यो जिन्दगानी डाँडाको घामभैँ
जीवन भन्नु के छ र यहाँ एक मुठी खरानी ।

ससुरा पुरुषोत्तम श्रेष्ठको रामायण
२०३७ श्रावण
भोजपुर

ॐ

# पानीको फोकासरिको जीवन

पानीको फोकासरिको जीवन
एक दिन फुटेर जानेछ
सपनासरिको संसार
एक दिन छुटेर जानेछ ।

मातापिता र भाइबन्धु
दुई दिनको हाम्रो प्यारो नाता
पत्नी र पुत्र, साथीसँगी
अन्त्यमा छुट्तछ सबको साथ
नभुल्नू माया र मोहमा
विधिको खेल एक छ
संसारमा ईश्वर एक छ
जो सधैँ नै साथ रहन्छ ।

रिस र लोभ, माया र मोह
गर्नु सबै व्यर्थ छ
नाताकुटुम्ब, धन सबै
अन्त्यमा यहीँ नै छुट्तछ
नगर्नु अभिमान कसैले
बाटो सबको एक छ
संसारमा ईश्वर एक छ
जो सधैँ नै साथ रहन्छ ।

छुटेर एक्लै जानुछ
हुँदैनन् कोही साथमा
छाया बनेर जानेछ
पाप र पुण्य साथमा
नगर्नू निन्दा र द्वेष कसैले
गति सबको एक छ
संसारमा ईश्वर एक छ
जो सधैँ नै साथ रहन्छ ।

पानीको फोकासरिको जीवन
एक दिन फुटेर जानेछ
सपनासरिको संसार
एक दिन छुटेर जानेछ ।

२०३९ साल, भोजपुर
सासू गणेशकुमारीको रामायण

ॐ

# कसरी प्रिय छाडेर गयौ मलाई

कसरी प्रिय छाडेर गयौ मलाई
विपदमा पार्‍यौ मेरो जीवन डुङ्गा
आँसुमा डुबाइ, आँसुमा डुबाई
कसरी प्रिय छाडेर गयौ मलाई ।

मेरो जीवनको विकट पथमा
तिमी नै सहारा थियौ
तर आज मलाई एक्लो पारी
तिमी कहाँ गयौ ?
बर्बाद भएँ म तिम्रो सहारा नपाई
विपदमा पार्‍यौ मेरो जीवन डुङ्गा
आँसुमा डुबाइ, आँसुमा डुबाई
कसरी प्रिय छाडेर गयौ मलाई ।

यी साना-साना नानीहरू लिई
बस्तछु वरिपरि
यो कस्तो बिजोग पार्‍यौ नि प्रिय
दैव भो निष्ठुरी
बाँचूँ म कसरी दिनरात आँसु बहाई
विपदमा पार्‍यौ मेरो जीवन डुङ्गा
आँसुमा डुबाई, आँसुमा डुबाई
कसरी प्रिय छाडेर गयौ मलाई ।

२०३० श्रावण, भोजपुर

खड्ग प्रधानकी श्रीमती रम्भाको रामायण
ॐ

# मुमाको जीवनगाथा

हाय परमपूज्य मुमा पूर्णकुमारी !
हजुरको आत्मालाई सदा शान्ति मिलिरहोस् ।

उन्नाइस सय छयहत्तर नव वर्षका दिन
पूर्णिमाको जूनसँगै भो मुमाको जन्म
मुमाज्यूको शुभ नाम रह्यो पूर्णकुमारी
बढ्नुभयो शुक्लपक्षको चन्द्रमासरि
हाय परमपूज्य ... ...

मुमाज्यूको जन्मघर भोजपुर देउराली
बुबा देवीप्रसाद र मुमा मनलक्ष्मी
पाँच छोरा छ छोरीमा मुमा छोरी ठाइँली
समयले सबैमाथि छाउन लाग्यो जवानी
हाय परमपूज्य ... ...

चैनपुरवासी लोकमानका छोरा गोरखमान
दुलाहा बनी लिन आए भो दाम्पत्य जीवन
मुमाज्यूको काखबीच फुल्यो दुई फूल
एक छोरा एक छोरी प्रेमको प्रतीक
हाय परमपूज्य ... ...

दुर्भाग्यवश मुमाज्यूका भए सौता दुई
बस्नुपऱ्यो पतिदेखि सधैँ टाढा रही
तर पनि पतिलाई परमेश्वर ठानी
श्रद्धा-भक्ति गर्नुहुन्थ्यो टाढा रहे पनि
हाय परमपूज्य ... ...

पतिविना जीवन धान्न भयो कठिन अति
लाचार भई बाँच्नुपऱ्यो सन्तानका निम्ति
नाबालक छोराछोरी बनाई सहारा
बित्न लाग्यो जिन्दगानी सदा दुःख-पीरमा
हाय परमपूज्य ... ...

समयको गतिसँगै भयो परिवर्तन
एक नाति, छ नातिनी भयो चहलपहल
यी बालक हुर्के सबै मुमाज्यूको काखमा
सबैलाई प्रेमपूर्वक लिनुहुन्थ्यो साथमा
हाय परमपूज्य ... ...

सबैमाथि दयामाया राखी बोल्ने बानी
हाम्री मुमा हुनुहुन्थ्यो ममताकी खानी
श्रद्धा राखी ईश्वरको गर्नुहुन्थ्यो भक्ति
दुःख-पीर सहिदिने थियो ठूलो शक्ति
हाय परमपूज्य ... ...

मुमाज्यूको शरीरमा पस्यो पापी रोग
श्वास फेर्न कठिन भो, लाग्यो श्वास रोग

औषधि र उपचार भयो धेरैथरि
दुष्ट रोगले सताउँदै गो, भएन केही गरी
हाय परमपूज्य ... ...

स्वस्तिशान्ति, वैतरणी भयो मुमाज्यूको
केही दिनलाई शरीरमा सुधार देखियो
अब बाँच्ने भएँ भनी हुनुभयो दङ्ग
हाँसी-खुसी आनन्दले बस्यौँ मुमासँग
हाय परमपूज्य ... ...

अचानक रोग फर्क्यो, भयो अति कष्ट
दैव पनि हाम्रा लागि भइदियो रुष्ट
बयालीस साल असोजको सात गते साँझ
प्राण त्यागी जानुभयो हामी सबको माझ
हाय परमपूज्य ... ...

कस्तो विपद पऱ्यो हरे हामी बालकमाथि
हाम्रो लागि संसार भयो दिन हो वा राति
नाबालक बालबच्चा सबै भयौँ टुहुरा
ममताको बाँध टुट्यो भयौँ बेसहारा
हाय परमपूज्य ... ...

मृत देह मुमाज्यूको राखी चितामाथि
श्रद्धाञ्जली चढाएर दियौँ दागबत्ती
चिताग्निले आकाश छोयो, फाट्न लाग्यो धर्ती
हेर्दाहेर्दै खरानी भो ममताको मूर्ति
हाय परमपूज्य ... ...

मुमा ! हामी बालक हौँ सेवा गर्न सकेनौँ
दूध पियौँ हजुरको, भारा तिर्न सकेनौँ
असहाय भयौँ मुमा ! आशीर्वाद दिनुहोस्
दिवङ्गत आत्मालाई सदा शान्ति मिलिरहोस्
हाय परमपूज्य मुमा पूर्णकुमारी
हजुरको आत्मालाई सदा शान्ति मिलिरहोस् ।

मुमा पूर्णकुमारीको रामायण
२०४३ श्रावण, भोजपुर

ॐ

---

प्रिय पाठक !
यो पुस्तक तपाईंलाई कस्तो लाग्यो,
कृपया प्रतिक्रिया व्यक्त गर्न नभुल्नुहोला ।


| **शब्दयात्रा प्रकाशन** | | **लीलादेवी श्रेष्ठ** |
|---|---|---|
| अक्षरधाम, बनेपा–६, काभ्रे | | भोजपुर, हाल काठमाडौँ |
| दूरभाषाङ्क : ०११-६६५४६५ | अथवा | दूरभाषाङ्क : ९८६००७५९९१ |

आजकल मे ढल गए
दिन हुवा तमाम
तु भि ..... सो गए
रङ्ग भरी साम
पानीको फोकासरीको जीवन, एकदिन फुटेर जानेछ
सपनासरीको संसार एकदिन छुटेर जानेछ ।

१) मातापिता र भाइबन्धु दुइदिनको हाम्रो प्यारो नाता
पत्नी र पुत्र साथीसँगी अन्त्यमा छुट्दछ सबको साथ
नभुल्नु मायाँ मोहमा बिधीको खेल एक छ
संसारमा ईश्वर एक छ, जो सधैँ नै साथ रहनु ।

२) रीस र लोभ, माया र मोह, गर्नु सबै व्यर्थ छ ।
नाता कुटुम्ब धन सबै, आखिर यही नै छुट्दछ
नगर्नु निन्दा र द्वेष कसैले गति सबको एक छ
संसारमा ईश्वर एक छ, जो सधैँ नै साथ रहन्छ ।

३) छुटेर एक्लै जानुछ, हुदैन कोही साथमा
छायाँ बनेर जानेछ, पाप र पूण्य साथमा
नगर्नु अभिमान कसैले बाटो सबको एक छ ।
संसारमा ईश्वर एक छ, जो सधै नै साथ रहन्छ ।
सम्झना भरी, आश बहाउछौ, बुबालाई सम्झेर
छाडेर टाढा गएपनि बस्दछौ रोएर ।

१) सुनसान भो, हाम्रो महल, उजाडियो यो बाग
हाय- उजाडियो यो वाग
मालीबिनाको जीवन फूल (हाम्रो)
सुकिरहेछ आज
हाय : सुकी रहेछ आज
पितृवियोगको कठोर वेदन, भोगिरहेका छौ ।

छोडेर टाढा गए पनि ..................

२) हाम्रो जीवनको ज्योति थियौ सदालाई अस्ताइगयौ ।
हाय : सदालाई अस्ताइ गयौ ।
सुखशान्तिको मुहान थियौ, सदालाई टुटाइगयौ ।
हाय सदालाई टुटाइगयौ
आँसु श्रद्धाञ्जली चढाउँछौँ भक्तिले झुकेर
छाडेर टाढा गए पनि बस्दछौँ रोएर